Jana Aakash National Weekly www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- १९ २०८१ साल पुस ९ गते मंगलबार (Dec 24, 2024) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## आठबिस नगरपालिकामा बालबालिकाहरूका लागि पोषण लेखाजोखा अभियान सञ्चालन हुँदै




■ बिनोद नेपाली

**काठमाडौं–** दैलेख जिल्लाको आठबिस नगरपालिकाले नगरपालिका क्षेत्रमा ६ देखि ५९ महिना सम्मका बालबालिकाहरूका लागि पोषण लेखा जोखा तथा व्यवस्थापन गर्नका लागि अभियान सञ्चालन गर्ने भएको छ ।

स्वास्थ्य कार्यालय दैलेखको समन्वय र एभरेष्ट क्लव दैलेखको आर्थिक सहयोगमा आठबिस नगरपालिकाले नगरपालिकाका सबै वडा क्षेत्रमा उच्च कुपोषण र न्यून कुपोषणमा रहेका बालबालिकालाई जीवन रक्षा गर्नको लागि अभियान सञ्चालन गर्नलागि रहेको आठबिस नगरपालिकाले जनाएको छ ।

नगरपालिका भित्रका स्वास्थ्य संस्था प्रमुख लगायत सरकारवालाहरू सँग गरिएको अभिमुखीकरण कार्यक्रम मा बोल्दै आठबिस नगरपालिकाका प्रमुख तर्क बहादुर बडुवालले समाजमा कमजोर स्थितिमा रहेका नागरिकहरुलाइ पहिलो प्राथमिकता दिनु पर्ने बताएका छन् । उनीहरूले पाउने सेवा सुविधा समाजका ठुलाबडाले पाएको खण्डमा उनीहरूलाई छनोट गर्दा ध्यान दिनुपर्ने बडुवालले बताएका छन् ।

अभिमुखीकरण कार्यक्रममा एभरेस्ट क्लव दैलेखका सचिवले ग्रामीण क्षेत्रमा कुपोषित बालबालिकाहरुको तथ्य नभएको सन्दर्भमा धेरैको ज्यान जाने क्रम रहेकाले त्यसलाई न्यूनीकरणका लागि नगरपालिका सँगको सहकार्य मा अभियान नै सञ्चालन गर्नु परेको उनले भनेका हुन ।

अभियान लाई आठबिस नगरपालिका स्वास्थ्य शाखाले सहजीकरण गर्नुकासाथै नगरपालिका क्षेत्रभित्र घर घरमा स्वास्थ्यकर्मीको टोली सहित निगरानी गरिने भएको छ ।

# रास्वपाको कार्यबाहक सभापति डोलप्रसाद

■ इनिश बुढाथोकी

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाको कार्यबाहक सभापति डोलप्रसाद (डिपी) अर्याल बनेका छन् । उपसभापति अर्याललाई सोमबार बसेको सचिवालय बैठकले कार्यबाहक सभापतिको जिम्मेवारी तोकेको हो ।

'उपसभापति अर्याललाई कार्यबाहक सभापति तोक्ने निर्णय सचिवालय बैठकले गरेको छ,' रास्वपाका कार्यबाहक प्रवक्ता मनीष झाले भने, 'सभापति लामिछानेको सिफारिसमा अर्याललाई सचिवालय बैठकले कार्यबाहक सभापति तोकेको हो ।'

रास्वपाको विधानमा ज्येष्ठ उपसभापति वा पार्टी सभापतिले तोकेको उपसभापति कार्यबाहक सभापति बन्ने व्यवस्था छ । सभापति लामिछानेले अर्याललाई नै कार्यबाहक तोक्ने सिफारिस गरेका छन् । रास्वपा सभापति रवि लामिछानेविरुद्ध आइतबार कास्की जिल्ला अदालतमा सहकारी ठगीलगायत कसुरमा मुद्दा दर्ता भएको थियो ।

रास्वपाका सभापतिलाई पोखराको सूयदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बचत रकम अपचलन गरेको आरोपमा गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ गरेर पोखरा लगिएको थियो । उनीमाथि कास्कीसहित अन्य जिल्लासमेत सहकारी ठगीको आरोपमा अनुसन्धान भइरहेको छ ।

लामिछानेलाई अदालतमा अभियोग पत्र जारी गरेपछि उता संसद सचिवालयमा संसद पद पनि निलम्बन गर्ने तयारी भईरहदा डिपी अर्‍याललाई कार्यवाहक सभपति तोकेको हो । रास्वपा पार्टीमा सभापति रवि लामिछाने जेल गएमा कस्ले नेतृत्व सगाल्ला भन्ने सवैतिर चासोको बिषय भईराखेको थियो । यही समयमा पार्टीले उप-सभापति डोल प्रसाद अर्‍याललाई सभापति चयन गरेपछि पार्टीका कार्यकर्तामा छाईरहेको अन्यौलता पनि हटेको छ । तर केन्द्रीय सभापति थुनामा हरेको अवस्थामा कार्यकर्ताहरु रुष्ट देखिन्छन् । उनिहरु सभापतिलाई अनुसंन्धानमा थुनेको भन्दा पनि अमानवीय तरिकाले दुःख दिईरहेको घटना देखेर फसाउन नै खोजेका रहेछन् भन्ने भाव रास्वपाका कार्यकर्तामा व्याप्त देखिन्छ ।



## मुद्दा फिर्ता लिनसक्ने कानुनी व्यवस्था हटाउने सरकारको प्रस्तावमा माओवादीको असहमति

**काठमाडौं–** नेकपा माओवादी केन्द्रले केही नेपाल ऐनको दफा ६४ फिर्ता लिने सरकारको प्रस्तावमा असहमति राखेको छ ।

दफा ६४ मा सशस्त्र द्वन्द्वमा वा भूमिगत रहेको राजनीतिक शक्ति शान्तिपूर्ण राजनीतिमा आए तिनका नेताविरुद्ध जुनसुकै अदालतमा रहेको सरकारले फिर्ता लिनसक्ने प्रावधान छ ।

कानुन न्याय तथा मानव अधिकार समितिको आइतबारको बैठकमा कानुनमन्त्री अजयकुमार चौर सियाले यो प्रावधान फिर्ता लिन सरकार तयार रहेको बताएपछि माओवादी केन्द्रका सांसदहरुले असहमति व्यक्त गरेका हुन् ।

माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले २०७७



सालमा नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसँगको तीन बुँदे सहमतिका आधारमा दफा ६४ आएको बताए । त्यो बेला प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रामबहादुर थापा

» बाकी ६ पृष्ठमा

## निर्मला पन्त हत्या प्रकरणमा सीआईबीले थाल्यो अनुसन्धान




**काठमाडौं–** कञ्चनपुरको भीमदत्त नगरपालिका-२ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कार र हत्या प्रकरणको अनुसन्धानमा खटिएका प्रहरी अधिकारीहरूसँग छलफल सुरु गरिएको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले पन्तको अनुसन्धानमा खटिएका प्रहरी अधिकृतहरूसँग छलफल थालेको हो । अनुसन्धानमा खटिएका अधिकृतहरूसँग छलफल गरेर एउटा निष्कर्ष निकालेर नयाँ कोणबाट फेरि अनुसन्धान अघि बढाउन लागिएको सीआईबी स्रोतले जानकारी दियो ।

'यो अनुसन्धान निरन्तर जारी नै छ । अनुसन्धानमा खटिएका प्रहरी अधिकृतहरूसँग छलफल गरेर एउटा निष्कर्ष निकालेर नयाँ कोणबाट अनुसन्धान गर्न लागेका छौं,' सीआईबी स्रोतले भन्यो । हिजो मंगलबार मात्रै केही प्रहरी अधिकारीलाई सीआईबीको लाजिम्पाटस्थित कार्यालयमा बोलाएर छलफल गरिएको थियो ।

छलफल सकेर एउटा निचोड निकालेपछि अनुसन्धानका लागि नयाँ टोली पठाइने सीआईबीले जनाएको छ । गत साउन १० गते मात्रै पन्तको बलात्कार-हत्या भएको ६ वर्ष पूरा

» बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १९, २०८१ साल पुस ९ गते मंगलबार (Dec 24, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### जाडोमा सावधानी अपनाऔं ।

नेपालमा पुष र माघ महिना अत्यन्तै जाडो हुने गर्दछ । यो समयमा तराईमा सित लहर र पाहाडमा तुसारो हिमाली क्षेत्रमा हिमपात हुने गर्दछ । यहि समयमा कतिपय ठाउँहरुमा अज्ञानताका कारणले मानिसहरुको अकालमा मृत्यु समेत हुने गरेको छ । त्यसैगरी अज्ञनताकै कारण हिमाली क्षेत्रमा हिउले चिसो भएको बेलामा एक्कासी आगो ताप्दा चिसो र तातोको रयाक्शनले गर्दा अङग भङग हुने जस्ता समस्या विगतमा देखिएका छन् ।

तराईमा चिसोको समयमा कपडा बाक्लो लगाउनुपर्छ भन्ने ज्ञान नहुने वा असावधानीका कारण विशेष गरेर बृद्धाबृद्धाहरु सित लहरका कारण मृत्यु हुने गरेको रेकर्डहरु विगतमा छन् ।

कतिपय शहरमा पनि वेवारिसे अवस्थामा पुल मुनि सुत्ने एक खालका विपन्न वा मादक पदार्थ सेवन गरेर घर परिवारलाई सताएका मानिसहरुलाई घर परिवारले वास्ता नगर्दा वेवारिसे जस्तै गरी जिवन बिताउने मानिसहरुको पनि यतिबेला जिवन जोखिममा रहेको छ ।

भरखरै जन्मिएका शिशुहरुको लागि झनै तापक्रम नपुग्दा अझ जोखिम हुन सक्छ । त्यसैले शिशुहरुलाई डाक्टरको सल्लाह अनुसार नै तापक्रम मिलाएर राख्ने जानकारी नभएका साथीहरुले इन्टरनेटको प्रयोग गरी जानकारी लिएर शिशुको संरक्षणका ध्यान पुर्याउनुपर्छ ।

त्यसैले विशेष गरेर स-सना नानीहरुको संरक्षणको लागि सवैभन्दा महत्वपूर्ण भुमिका निर्वाह गर्नुपर्छ त्यसको अलवा बृद्धाबृद्धा साथै जानकारी मूलक ज्ञानहरु सम्बन्धित निकायले प्रर्वाह गरेर भएपनि चिसोवाट विगतमा जस्तो कसैको ज्यान नजाओस् ।

# नेपालमा वित्तीय संघीयताको आवश्यकता र महत्व



गम्भीरबहादुर हाडा

संसारका संघीय देशहरुमा तीन किसिमका सरकार हुन्छन् भने एकात्मक खालको राज्यमा केन्द्र र स्थानीय गरी दुई तहका सरकार मात्र हुन्छन् । स्थानीय सरकार पनि विभिन्न प्रकारका हुने गर्छन् । जस्तो- जिल्ला, महानगर, नगर र गाउँ । यी विभिन्न प्रकारका सरकारमध्ये माथिल्लो सरकारले तल्लो सरकारलाई कामको अधिकार दिँदा विभिन्न तरिकाले दिने गर्दछ । पहिलो- केन्द्रले आफ्ना कार्यालयहरुमार्फत स्थानीय तहमा काम गर्ने, दोस्रो- केन्द्रले मातहत कार्यालयहरुलाई अधिकार दिई त्यसैमार्फत काम गराउने र तेस्रो- केन्द्रले स्थानीय तहमा स्वायत्त सरकार गठन गराई त्यसलाई अधिकार प्रक्षेपण गर्ने । वित्तीय संघीयता यी तीन किसिमका सरकारमध्ये तेस्रो प्रकारको सरकारसँग सम्बन्धित रहेको हुन्छ ।

सामान्य अर्थमा आर्थिक र वित्तीय विषयहरुलाई संविधान, कानुन र अभ्यासमा व्यवस्थित गर्ने कार्यलाई वित्तीय संघीयता भनिन्छ । वास्तवमा यसमा मौद्रिक नीति, कर, भन्सार र वाणिज्यसँग सम्बन्धित विषयहरु जोडिएका हुन्छन् । समग्रमा सरकारले अर्थ संकलन गर्ने, कानुनको सीमा, परिधि र प्रक्रियाभित्र संग्रह एवं खर्च गर्ने/गराउने संयन्त्र नै वित्तीय संघीयता हो । विभिन्न तहको खर्च जिम्मेवारी, राजस्व व्यवस्था, राजस्व साझेदारी तथा ऋणको संयुक्त स्वरुपलाई संघीय वित्तीय व्यवस्था भनिन्छ । कानुनको शासनमा सबै काम कानुनबमोजिम हुनुपर्छ । तसर्थ राजस्व परिचालन, स्रोत बाँडफाँड र बजेट निर्माणजस्ता कार्यहरु कानुनबमोजिम गरी समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी वित्तीय संघीयताको कार्यान्वयन गर्नुपर्छ ।

संघीयता कार्यान्वयनको महत्वपूर्ण आधार वित्तीय संघीयता हो । वित्तीय संघीयता अर्थराजनीतिक विषय पनि हो । वित्त व्यवस्थापनका प्रमुख आयामहरु मौजुदा स्रोतको कुशलतम् विनियोजनको विषयमा तल्ला तहका सरकारहरुको संलग्नता र भूमिका बढी हुन्छ । वास्तवमा संघीयताको सबल कार्यान्वयन गरी नागरिकलाई अधिकार सम्पन्न, जिम्मेवार, उत्तरदायी र आवश्यकताको पहिचान र पूर्तिको केन्द्रविन्दुमा राख्न वित्तीय संघीयता कार्यान्वयनका यी आयामहरु प्रमुख आधारहरु हुन् ।

संघीयताको आधारभूत पक्ष र कार्य जिम्मेवारी विभाजन र खर्च व्यवस्थापन हो । संघीयता अवलम्बन गरेका विश्वका सबै देशहरुमा खर्चको जिम्मेवारी कानुनद्वारा स्पष्ट गरिएको हुन्छ ।

नेपालको सन्दर्भमा नेपालको संविधानमा तीन तहका सरकारहरुको जिम्मेवारी र अधिकार स्पष्ट गरिएको छ । विशेष गरी आर्थिक वित्तीय, प्राविधिक र अन्तर्राष्ट्रिय सम्बन्धसमेतको आधारमा हेर्दा संघ, प्रदेश र स्थानीय तहको कार्यहरुको प्रकृति पनि फरक-फरक रहन्छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार प्रयोगको लागि अलग-अलग आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गरी संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषसमेत तिनै तहको स्रोत परिचालन, कोष व्यवस्थापन, खर्च निकासा पद्धति, जाँच परीक्षणलगायतका वित्त व्यवस्था कार्यहरुलाई संवैधानिक प्रत्याभूति प्रदान गरेको छ ।

वित्तीय संघीयता भनेको कसले के गर्ने, कसले कर लगाउने, आम्दानी र खर्चबीचको असन्तुलन कसरी हटाउने, राजस्वलाई नियमित कसरी बनाउने र कस्तो संरचनाले यो काम गर्न सक्छ भन्ने सम्बन्धमा गरिएको सहमति हो । विकेन्द्रीकरणविना यो सम्भव छैन । यो स्थानीय निकायलाई साधन र स्रोतको व्यवस्था गर्दै उनीहरुलाई आर्थिक हिसाबले सुदृढ बनाउने कामसँग सम्बन्धित छ । आत्मनिर्भरताविनाको स्वायत्तताको कुनै अर्थ रहँदैन ।

नेपालको संविधानबमोजिम वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारलाई दिएको छ । नेपाल सरकारको स्वीकृतिमा प्रदेशले पनि लिन पाउने व्यवस्था छ । साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले वैदेशिक सहायता परिचालनका क्षेत्रहरु स्पष्ट तोकेको छ । संघीयताको सफल कार्यान्वयनको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कानुनी आधारको रुपमा नेपालको संविधान र अन्य कानुनहरु कार्यान्वयनमा छन् भने केही द्विविधाहरुको निराकरणका लागि कानुन बनेर संशोधन हुने प्रक्रियामा रहेका छन् । नेपालको संविधानको धारा ४ अनुसार नेपाल स्वतन्त्र, अभिराज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । धारा ५६ मा राज्यको संरचना संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ तह हुने व्यवस्था छ । त्यस्तै धारा ५७ मा राज्यशक्तिको बाँडफाँड अनुसूची ५, ६, ७, ८, ९ मा व्यवस्था भए अनुरुप एकल तथा साझा अधिकारहरु संविधान र संघ, प्रदेश र स्थानीय कानुनबमोजिम प्रयोग गर्ने व्यवस्था रहेको छ । धारा ५८ मा अवशिष्ट अधिकारको प्रयोग गर्न संघलाई तोकिएको छ । त्यसै गरी धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति र योजना तयार गर्ने र त्यसको कार्यान्वयनको अधिकारको सुनिश्चितता गरिएको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अन्तर्गत नेपाल सरकार, प्रदेश र स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँड, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासनसम्बन्धमा आवश्यक व्यवस्थापन गर्न बनेको ऐन हो । यस ऐनका प्रमुख प्रावधानहरुमा राजस्वसम्बन्धी कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने, गैरकरका आधार निर्धारण गर्ने, एकल कर, गैरकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क बाँडफाँड, सवारीसाधन करको बाँडफाँड र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँड, अनुदानसम्बन्धमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान, नेपाल सरकारले ससर्त, समपूरक विशेष अनुदान दिने व्यवस्था रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत यस ऐनले स्थानीय तहलाई घर वा घरले चर्चेको जग्गामा सम्पत्ति कर अन्य जग्गामा भूमिकर लगाउने, भवन, पसल, ग्यारेज, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी बहाल रकममा कर लगाउने, पूँजीगत लगानी वा आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने, बहाल बिटौरी कर लगाउने, पार्किङ शुल्क लगाउने, जडीबुटी, कवाडी र जीवजन्तु संकलन हुने स्थानको स्थानीय तहले यी वस्तुमा कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ । समपूरक अनुदान कार्यविधि २०७५, विशेष अनुदान कार्यविधि २०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्रोतका बाँडफाँडसम्बन्धी सिफारिसले पनि वित्तीय पक्षलाई प्रभाव पार्दछ ।

वित्तीय संघीयता कार्यान्वयनमा तीनवटै तहका व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संसदीय समितिहरु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला संस्थाहरुको भूमिका रहेको छ । साथै अन्तरसरकारी वित्त परिषद्ले पनि संघ, प्रदेश र स्थानीय तहमा देखिएका समस्याहरुको पहिचान र समाधान गर्ने कार्य गर्दै आएको छ ।

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा नेपालको संविधानमा व्यवस्था भएबमोजिम राजस्व बाँडफाँड र वित्त हस्तान्तरणलाई प्रभावकारी बनाई वित्तीय संघीयतालाई सबल बनाइनुका साथै प्रदेश र स्थानीय तहमा समेत आयोजना बैंक र मध्यमकालीन खर्च संरचना सूचना प्रणाली लागू गरी आयोजना विकास र छनौट प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाइने कार्यक्रम राखिएको छ । प्रदेश र स्थानीय तहमा सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनुका साथै जिल्ला समन्वय समितिको क्षमता विकास गरी प्रदेश र स्थानीय तहमा सञ्चालित योजनाको अनुमगनलाई प्रभावकारी बनाइने नीति लिइएको छ । प्रदेश सरकारले संकलन गरी स्थानीय तहमा बाँडफाँड गर्ने सवारीसाधन कर, मालपोत कार्यालयले संकलन गरी प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्ने घरजग्गा रजिस्ट्रेसन शुल्क हरेक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र तत्-तत् तहमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ ।

वित्तीय संघीयताका चार आधार :

१- खर्च जिम्मेवारी : संघीयताको आधारभूत पक्ष कार्य जिम्मेवारी विभाजन र खर्च व्यवस्थापन हो । संघीयता अवलम्बन गरेका विश्वका सबै देशहरूमा खर्चको जिम्मेवारी कानुनद्वारा स्पष्ट गरिएको हुन्छ । सविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार प्रयोगको लागि अलग-अलग आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गरी संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषसमेत तीनै तहको स्रोत परिचालन, कोष व्यवस्थापन, खर्च निकासा पद्धति, जाँच परीक्षणलगायतका वित्त व्यवस्थापन कार्यहरूलाई संवैधानिक प्रत्याभूति प्रदान गरेको छ ।

२- राजस्व अधिकार र जिम्मेवारी : राजस्व परिचालनको अधिकार राजस्व र आर्थिक स्रोतको पहिचान र परिचालनसँग सम्बन्धित रहेको हुन्छ । वित्तीय संघीयतामा राज्यका सबै तहलाई संवैधानिकरूपमा आर्थिक स्रोत परिचालनको अधिकार रहन्छ । यस्तो अधिकार मुलुकको संविधान र ऐन कानुनले व्यवस्था गरेको हुन्छ । नेपालको संविधानको धारा ६० मा राजस्व स्रोतको बाँडफाँडसम्बन्धी व्यवस्था गरिएको छ ।

३- राजस्व बाँडफाँडको आधार : संघीय संरचनामा तीनै तहको सरकारको वित्तीय स्रोतको बाँडफाँड गर्ने प्रयोजनको लागि नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ लगायत अन्य व्यवस्थाहरू रहेका छन् । नेपालको संविधानको धारा ६० मा नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाइने प्रावधान छ ।

४- अन्तरसरकारी वित्त हस्तान्तरण : नेपालमा अन्तरसरकारी वित्त हस्तान्तरणका दुई स्वरूपः राजस्व बाँडफाँड र वित्तीय हस्तान्तरण छन् । यससम्बन्धी व्यवस्था संविधानको धारा ६० र २५१ का विभिन्न उपधारामा गरिएको छ । जसअन्तर्गत राजस्व बाँडफाँडका अतिरिक्त समानीकरण अनुदान, ससर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदानका माध्यमबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण गरिने व्यवस्था गरिएको छ । वित्तीय हस्तान्तरण सरकारको एक इकाइबाट अर्को इकाइमा हुने वित्तीय स्थानान्तरण हो । खासगरी प्रदेश र स्थानीय तहहरूको आन्तरिक राजस्व संकलन र परिचालन न्यून भएकोले विभिन्न प्रकृतिका अनुदान र वित्तीय हस्तान्तरणबाट नै प्रदेश र स्थानीय तहले आफ्नो खर्च व्यवस्थापन गर्ने गरेका छन् ।

वर्तमान सोह्रौं योजना (२०८१/८२-२०८५/८६) मा संघीय शासन प्रणालीअन्तर्गत विद्युतीय सुशासनको संस्थागत विकासअन्तर्गत एकै प्रकारको विवरण पटक-पटक संकलन नगरी एकीकृत रूपमा संकलन गर्ने प्रणालीको विकास गर्ने, विभिन्न निकायले प्रयोग गरिरहेका सूचना प्रविधि एवम् डाटाबेसका प्रणालीको बीचमा अन्तर-आबद्धता कायम गर्ने नीति राखिएको छ । यसको साथै सबै प्रकारका भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्न पूर्ण नगदरहित कारोबारका लागि नीतिगत, कानुनी, संस्थागत र कार्यक्रमहरूको तर्जुमा एवम् विकास गर्नु सबै सार्वजनिक निकायहरूले कानुनमा तोकिएको प्रक्रिया, विधि र समयभित्र बजेट तर्जुमा र बजेटको प्रभावकारी कार्यान्वयन गर्ने कार्यक्रम राखिएको छ ।

राजनीतिक दलको आर्थिक कारोबारलाई पारदर्शी बनाउने नीति राखिएको छ । संघ, प्रदेश र स्थानीय तहको सरकारी सेवा सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कानुनी प्रबन्ध गर्नु, संघीय संरचनामा आवश्यक पर्ने दक्ष जनशक्ति व्यवस्थापन गर्नु, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदनअनुसार प्रत्येक तहका सरकारले आफ्नो कार्य जिम्मेवारीबमोजिमका कार्य सञ्चालन गर्नु, तथ्यांकको संयोजन र समन्वयको कार्यलाई प्रभावकारी बनाउने कार्यक्रम तथा नीति राखिएको पाइन्छ ।

नेपालको संविधान २०७२ ले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको समेत स्पष्ट निर्धारण गरेको छ । यस्तो व्यवस्थाबाट सरकारलाई जनताको नजिक पुर्‍याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जना भएको छ । यसबाट जनतालाई वास्तविकरूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै लोकतन्त्रलाई स्थानीय तहदेखि नै संस्थागत र मजबुत बनाउने अवसर प्राप्त भएको छ । स्थानीय स्वायत्त शासनअन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक, सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षा र स्थानीय तहमा सञ्चालन गरिने अभियानमूलक रचनात्मक कुराहरूको सुनिश्चितता हुने देखिएको छ ।

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा शासकीय सुधार कार्यक्रमअन्तर्गत संघीय निजामती सेवा कानुन यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गरिने कार्यक्रम राखिएको छ । राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउन, काममा उत्प्रेरित गराउन, सेवा सुरक्षा, संरक्षण र अनुमानयोग्य सरुवा-बढुवा प्रणाली सुनिश्चित गरिने कार्यक्रम राखिएको छ । सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवाप्रवाहलाई थप सुदृढ गरिने कार्यक्रम राखिएको छ । ई गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित र सम्पर्करहित बनाई गुणस्तर अभिवृद्धि गरिने कार्यक्रम राखिएको छ । सेवाग्राही र सेवाप्रदायकबीच नियमित संवादमार्फत सम्पादित कामको विषयमा सेवाग्राहीको पृष्ठपोषण लिन, गुनासाको तत्काल सम्बोधन गर्न र कार्यसम्पादनमा सुधार ल्याउन सेवाग्राहीसँग कार्यक्रम सञ्चालन गरिने कार्यक्रम राखिएको छ ।

वित्तीय संघीयताका प्रमुख समस्या तथा चुनौतीहरुमा संविधानका अनुसूचीमा उल्लिखित कार्यहरु सम्पादनका लागि तथा साझा अधिकारको कार्यान्वयन गर्न कानुन निर्माणमा केही ढिलाइले द्विविधा र असहजता ल्याएको छ । संघीयताको कार्यान्वयन भई प्रदेश र स्थानीय तहको सरकारहरु गठन भएको २ वर्ष बितिसकेको छ । हालसम्म पनि प्रदेश र स्थानीय तहको लागि आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्दा समयमा बजेट ल्याउने, विकास निर्माण र सामाजिक क्षेत्रका कामहरु यथोचितरुपमा सम्पन्न हुन सकेका छैनन् । स्पष्ट कानुन र दृष्टिकोणको अभावमा प्रदेश र स्थानीय सरकारहरुको जनभावना विपरीत कर लगाउने, फिर्ता लिनेजस्ता प्रवृत्तिले सरकारप्रतिको विश्वास र भरोसामा केही कमी आउने र अन्ततः संघीयताको मर्म र भावनाअनुसारको डेलिभरी नहुने चुनौती छ । संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकमको कानुनबमोजिम विनियोजन र खर्च हुन सकेको छैन । अन्तरप्रदेश र अन्तरस्थानीय निकायबीच आर्थिक क्रियाकलाप र स्रोत परिचालनमा आपसी समन्वय कायम गर्ने, दोहोरोपना हुन नदिने, स्रोत छरिन नदिने र एक तहको कार्यलाई अर्को तहको कार्यसँग परिपूरक बनाउने वातावरणको विकास गर्न सकिएको छैन । वित्तीय संघीयता कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको क्षमता विकास हुन सकेको छैन ।

तीन तहबाट कार्यान्वयन हुने कार्यक्रमहरु एक-अर्कासँग नदोहोरिने र परिपूरक हुने गरी सञ्चालन गर्नुपर्छ । अन्तरप्रदेश परिषद्, अन्तरसरकारी वित्त परिषद् र प्रदेश समन्वय परिषद्को भूमिका बढाउँदै अन्तरसरकारी समन्वय र नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्छ । प्रदेश तथा स्थानीय तहको राजस्व क्षमता र सम्भाव्यताको अध्ययन गरी राजस्व परिचालनमा थप सुधार गर्नुपर्छ । प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण कार्यसम्पादन र उपयोगको प्रभावकारिताको आधारमा हुने व्यवस्था मिलाउनुपर्छ । वित्त व्यवस्थापनमा संलग्न निकाय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश, स्थानीय तहहरुको संस्थागत क्षमता विकास गर्नुपर्छ ।

***(लेखक हाडा अधिवक्ता तथा अवकाशप्राप्त सह-प्राध्यापक हुनुहुन्छ ।)***

# बागमती प्रदेशमा धान उत्पादन घट्यो

बागमती- बागमती प्रदेशमा यस वर्ष धानबाली उत्पादनमा ह्रास आएको छ । गत असोज ११ र १२ को वर्षासँगै आएको बाढीपहिरोले क्षति पुर्याउँदा धान एक दशमलव ३७ प्रतिशतले उत्पादनमा ह्रास आएको बागमती प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

चालु आर्थिक वर्षमा बागमती प्रदेशमा कुल एक लाख पाँच हजार चार सय १५ हेक्टरमा धानबाली लगाइएकामा प्रतिहेक्टर तीन दशमलव ८७ मेट्रिक टनका दरले चार लाख आठ हजार तीन सय १६ मेट्रिक टन धान उत्पादन भएको निर्देशानलयका कृषि अर्थविज्ञ नवीन कुँवरले जानकारी दिए ।

अघिल्लो आव २०८०-८१ मा एक लाख नौ हजार एक सय ५१ हेक्टरमा धानबाली लगाइएकामा चार लाख १३ हजार नौ सय ८८ मेट्रिक टन उत्पादन भएको थियो । कुँवरका अनुसार गत वर्षको तुलनामा यस वर्ष चितवन, काठमाडौँ, ललितपुर, भक्तपुर र नुवाकोटमा धान उत्पादन बढे पनि अन्य जिल्लामा घटेको हो ।

बागमती प्रदेशको सबैभन्दा बढी धानखेती हुने चितवनमा यस वर्ष २३ हजार सात सय हेक्टरमा प्रतिहेक्टर चार दशमलव १५ मेट्रिक टनका दरले ९८ हजार तीन सय ५५ मेट्रिक टन धान उत्पादन भएको छ । नुवाकोटमा ११ हजार छ सय १५ हेक्टरमा प्रतिहेक्टर चार दशमलव १७ प्रतिशतका दरले ४८ हजार तीन सय ९० मेट्रिक टन, धादिङमा ११ हजार तीन सय १२ हेक्टरमा प्रतिहेक्टर तीन दशमलव ८९ प्रतिशतका दरले ४४ हजार चार मेट्रिक टन उत्पादन भएको छ ।



काठमाडौँमा यस वर्ष चार हजार नौ सय २४ हेक्टरमा प्रतिहेक्टर चार दशमलव ७१ प्रतिशतका दरले २३ हजार एक सय ९२ मेट्रिक टन, ललितपुरमा चार हजार एक सय ७८ हेक्टरमा प्रतिहेक्टर चार दशमलव ५३ प्रतिशतका दरले १८ हजार नौ सय २६ मेट्रिक टन र भक्तपुरमा तीन हजार पाँच सय ९९ हेक्टरमा प्रतिहेक्टर पाँच दशमलव ५१ प्रतिशतका दरले १९ हजार आठ सय २३ मेट्रिक टन धान उत्पादन भएको बागमती प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

# आँधीखोलामा फट्के मार्फत् आवतजावत गर्न थालेको झण्डै ४० वर्ष

काठमाडौँ- स्याङ्जाको भिरकोट-५ सिम्लेस्थित आँधीखोलामा फट्के मार्फत् आवतजावत गर्न थालेको झण्डै ४० वर्ष पूरा भएको छ । स्थानीय बासिन्दा, शिक्षक, विद्यार्थीले विशेष गरेर हिउँदका समयमा फट्के उपयोग गर्दछन् ।

हिउँदका समयमा खोला वारपार गर्नका फट्केले सहज हुने गरेको जनप्रिय माध्यमिक विद्यालय भिरकोट-५ का शिक्षक कृष्णप्रसाद पौडेलले बताए । विद्यालयमा अध्ययनका लागि आउने विद्यार्थी तथा सिम्लेबाट गैह्राथोक बजार जान फट्के बनाउनाले खोला तर्न सहज भएको उनले जानकारी दिए ।



'जाडोको समयमा खोला तर्दा चिसो हुने, जुत्ता मोजा खोल्नुपर्ने, कहिलकाहीँ खोलाले बगाउनेसमेत गर्थ्यो', उनले भने, 'खोलामा पस्नै नपरीकन वारपार गर्न फट्केले सहज भएको छ ।' स्थानीयवासी, शिक्षक, विद्यार्थी सबै मिलेर बर्सेनि बनाउँदै आएको फट्केले यस वर्ष पनि निरन्तरता पाएको उनले बताए ।

बाँस काटेर सातदेखि नौवटा किला बनाउने र त्यसलाई भाटाले भकारीजस्तै गरी बुनिन्छ । बुनिएको भकारीलाई खोलामा लगेर ढुङ्गा भरिन्छ र त्यसलाई पिल्लरको रूपमा प्रयोग गरी बाँस तेर्स्याइन्छ । तेर्स्याइएको बाँसमाथि बालुवा भरिएको बोरा राखेर फट्के तयार गरिन्छ ।

खोलाको फैलावटका आधारमा भकारी बनाइने उनले बताए । 'खोला कति फराकिलो भएर बहेको छ, त्यसैका आधारमा भकारीको सङ्ख्या घटीबढी हुने गर्छ', उनले भने, 'कहिले सात-आठवटा भकारी बुने पुग्छ, कहिले २०-२२ पनि बुन्नुपर्छ ।'

पहिला-पहिला बाँस खोज्न टाढाटाढाका गाउँगाउँमा पुग्नुपर्थ्यो । केही वर्ष अघिदेखि विद्यालय आफैँले बाँस रोपण गरेकाले बाँस खोज्न टाढा जानुपर्ने झण्झट हराएको छ ।

विद्यालयभन्दा केही तल आँधीखोलामा पक्की पुल निर्माण सुरु भएको पनि वर्षौं भयो । पुल समयमै सम्पन्न हुन नसक्दा पनि विद्यार्थी तथा स्थानीयले बाँसको फट्केबाट खोला वारपार गर्नुपर्ने बाध्यता रहिआएको छ । खोलाको किनारमै रहेको विद्यालयका शिक्षक, विद्यार्थीले कक्षा खाली भएका बेला स्थानीयसँगै जनश्रमदानमा सहभागी हुने गरेका छन् । फट्के बनाउन कम्तीमा तीन दिनदेखि बढीमा एक हप्तासम्म समय लाग्ने गरेको उनले बताए ।

पहिला वर्षा तथा हिउँदका समयमा माझी तथा बोटेहरूको सहायतामा डुङ्गाबाट वारपार गर्ने गरिएको स्थानीय चन्द्रध्वज खाणले बताए । डुङ्गाबाट खोला वारपार गर्ने गरिएकोमा पछिल्लो समय माझी तथा बोटे समुदाय विस्थापित भएपछि विकल्पका रूपमा फट्के हाल्न थालिएको उनले बताए ।

पायक पर्ने यस ठाउँमा झोलुङ्गे पुलका लागि पटकपटक माग गरिए तापनि हालसम्म सुनुवाइ नभएको उनको गुनासो छ । 'हिउँदमा फट्के बनाउने र वर्षायाम सुरु हुने बेला झिक्ने यहाँको परम्पराजस्तै बनेको छ', उनले भने, 'विगतका वर्षमा जस्तै यस वर्ष पनि विद्यालयको सक्रियता तथा अगुवाइमा फट्के बनाइएको छ ।' एकपटक फट्के बनाएपछि झण्डै सात-आठ महिनासम्म खोला वारपार गर्न सहज हुने गरेको छ ।

# "नेपाल टेलिकमले ५ हजारसम्मको उपहार दिन्छ भन्ने सूचना झुटा"

काठमाडौँ- नेपाल टेलिकमले आउँदै गरेको क्रिसमस तथा अंग्रेजी नयाँ वर्षको अवसर पारेर रु ५ हजार सम्मको नगद तथा उपहारको व्यवस्था गरेको भन्दै गरिएको प्रचार झुटो भएको नेपाल टेलिकमले जनाएको छ ।

नेपाल टेलिकमको आधिकारिक लोगो समेत प्रयोग गरी विभिन्न फेसबुक ग्रुप र म्यासेन्जर लगायतका सामाजिक सञ्जालमार्फत गलत सूचना प्रवाह भइरहेको पाइएकोले यसप्रति सचेत रहन टेलिकमले सबैमा हार्दिक अनुरोध गरेको हो ।

'कम्पनीको आधिकारिक ब्लु टिकसहितको फेसबुक र एक्सलगायतका सामाजिक सञ्जालमा भएका सूचना तथा कम्पनीको आधिकारिक वेबसाइटलाई मात्र आधार मानेर कम्पनीका सेवा बारेमा अद्यावधिक हुन सम्पूर्ण ग्राहकवर्गमा अनुरोध छ,' प्रवक्ता हरि ढकालले भनेका छन् ।

# रामेछाप डायरी

## रामेछाप सुकाजोरका ५ सय बढी घरपरिवारको निशुल्क स्वास्थ्य बिमा

रामेछापको रामेछाप नगरपालिका वडा नं ७ सुकाजोरले निशुल्क नागरिकहरुको स्वास्थ्य बिमा गरिदिएको छ । ९ सय २७ घरधुरी रहेको यस वडामा हालसम्म ५ सय भन्दा बढी घरपरिवारको स्वास्थ्य बिमा वडाले निशुल्क गरिदिएको वडाअध्यक्ष समिर कार्कीले बताउनुभयो ।

सरकारले हरेक नागरिकलाई स्वास्थ्य बिमाको पहुँचमा पुर्‍याउने भने पनि आर्थिक अवस्था कमजोर भएका नागरिकले स्वास्थ्य बिमा गर्न सकेका छैनन् । तर सुकाजोर वडाले वडाका सबै नागरिकलाइ स्वास्थ्य बिमामा आबद्ध गराउने लक्ष्यका साथ काम गरिरहेको छ। आगामी आर्थिक वर्षसम्म वडाका सबै नागरिक स्वास्थ्य बिमामा आबद्ध हुने वडा अध्यक्ष कार्कीले बताउनुभयो ।

वडाले टोल अनि बस्तीमै पुगेर नागरिकहरुको निशुल्क स्वास्थ्य बिमा गर्दै आएको छ। यो वर्ष वडाको पालेवन टोलबाट स्वास्थ्य बिमा गर्ने कार्यक्रम तिव्र रुपमा भैरहेको वडाअध्यक्ष कार्कीले बताउनुभयो ।

आर्थिक अभावमा स्वास्थ्य बिमा गर्न नसकेको



अवस्थामा वडा कार्यालयले नै पैसा तिरिदिएर आफ्नो परिवारको स्वास्थ्य बिमा गरिदिएकोमा धेरै नै खुसी लागेको स्थानीयले बताएका छन् ।

यस वडाले पशु बिमा,एक घर एक हिलटेक वितरण,किसानलाइ निशुल्क रासायनिक मल वितरण,छात्रवृत्ति वितरण र घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने जस्ता लोकप्रिय कार्यक्रमहरु गर्दै आएको छ ।

## राष्ट्रव्यापी सदस्यता वितरण एवं सुझाव संकलन अभियान गांरीशंकर क्याम्पसबाट शुभारम्भ



नेपाल विद्यार्थी संघ (नेविसंघ) रामेछापले राष्ट्रव्यापी सदस्यता वितरण एवं सुझाव संकलन अभियान शुभारम्भ गरेको छ । आईतबार(आज) गौरीशंकर बहुमुखी क्याम्पस रामेछाप बजारबाट अभियानको शुभारम्भ गरिएको हो ।

रामेछाप नगरपालिकाका प्रमुख लवश्री न्यौपानेको प्रमुख आतिथ्यता र नेविसंघ रामेछापका सभापति बिनोद बुढाथोकीको अध्यक्षतामा कार्यक्रम भएको हो । उक्त कार्यक्रममा बोल्दै नगर प्रमुख न्यौपानेले विद्यार्थीहरुको हक,हित र अधिकारको लागी निविसंघले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो ।

उहाँले नेपाली कांग्रेस पार्टीको गरिमा बढाउने काम नेविसंघले गरेको बताउनुभयो । कार्यक्रममा रामेछाप नगरपालिकाका प्रवक्ता एवं वडा नं ७ का वडाअध्यक्ष समिर कार्कीले विद्यार्थी जीवनमा राजनीतिक जग बसाल्न नेविसंघले महत्पूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो ।

आफु पनि नेविसंघ हुँदै राजनीतिमा उदाएको भन्दै उहाँले विद्यार्थीहरुलाई नेविसंघको ईतिहासको बारेमा प्रष्ट पार्नुभयो । कार्यक्रममा रामेछाप नगरपालिका वडा नं ८ का वडाअध्यक्ष सन्तोष कुमार तामाङ्ग,नेपाली कांग्रेस रामेछाप नगरपालिकाका उपसभापति केदार कार्की लगायतले विद्यार्थीहरुलाई नेविसंघको सदस्य बनेर क्याम्पस र विद्यार्थीका समस्याहरु उजागर गर्न अनुरोध गरेका थिए ।

नेविसंघका केन्द्रिय सदस्य एवं रामेछापका लागी खटिनुभएकी प्रतिनिधी अनिता सापकोटाको समेत उपस्थिती रहेको कार्यक्रम संचालन नेविसंघ रामेछापका उपसभापति युवराज सुवेदीले गर्नुभएको थियो । सो कार्यक्रममा क्याम्पसका केही विद्यार्थीहरुले विभिन्न सुझावहरु व्यक्त गरेका छन ।

# आठविस नगरपालिकामा नयाा निर्माण व्यवसायी संघ गठन

■ **जनआकाश संवाददाता**

काठमाडौँ- दैलेखको आठविस नगरपालिकामा नयाँ निर्माण व्यवसायी संघ गठन भएको छ ।

संघको कार्यसमितिमा १३ सदस्य रहेका छन् । यस संघको अध्यक्षमा भरत कुमार सिजापाती (भास्कर) छन् भने वरिष्ठ उपाध्यक्षमा तोपेन्द्र बहादुर चन्द, उपाध्यक्षमा रमेश माझी, महासचिवमा पूर्ण बहादुर शाही, कोषाध्यक्षमा कपिल चन्द, सचिवमा विनोद शाही र सदस्यहरूमध्ये जनक बहादुर माझी, बखत बहादुर शाही, दयाराम विक, धिरेन्द्र बहादुर कार्की, सुमित जैशी, गोकर्ण बहादुर शाही र पवन शाही रहेका छन् ।

यस संघको गठनले नगरपालिकाका निर्माण व्यवसायीहरूको हकहितमा आवाज उठाउन र समस्याहरूको समाधानका लागि प्रभावकारी कदम चाल्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

संघको गठनसँगै आठविस नगरपालिकाका निर्माण व्यवसायीहरूलाई नगरपालिकाबाट केही चुनौतीहरूको सामना गर्नुपर्ने देखिएको छ । संघका वरिष्ठ उपाध्यक्ष, तोपेन्द्र बहादुर चन्दले भने, "हामीले नगरपालिकाबाट हाम्रो समस्यामा सुनुवाइ नभएपछि यो कदम चालेका हौं । अब हामी सबै निर्माण व्यवसायीहरूको आवाज उठाउन र यस क्षेत्रको सुधारका लागि काम गर्नेछौं ।"

संघका अध्यक्ष, भरत कुमार सिजापती (भास्कर)ले पनि आगामी दिनहरूमा केन्द्र र प्रदेश सरकारसँग समन्वय गर्दै नगरपालिकामा हुने हरेक निर्माणका कामलाई उपलब्धिमूलक बनाउन संघ संलग्न रहने जनआकाशलाई जानकारी दिए ।



नयाँ गठन भएको संघले निर्माण व्यवसायीहरूको हितको पक्षमा विभिन्न योजनाहरू तयार गर्ने योजना बनाएको छ, जसले क्षेत्रीय निर्माण कार्यहरूको विकास र व्यावसायिक सुधारमा सघाउ पुर्‍याउने छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १९, २०८१ साल पुस ९ गते मंगलबार (Dec 24, 2024)

# नेपाल बैंक र काठमाडौं डेन्टल हस्पिटलबीच सम्झौता



काठमाडौं- नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरु र बैंकमा खाता रहेका ग्राहकहरुलाई काठमाडौंको माछापोखरीमा अवस्थित बुद्ध मलमा रहेको काठमाडौं डेन्टल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लिमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने सम्झौतामा हस्ताक्षर भएको छ।

उक्त सम्झौता पत्रमा बैकको तर्फबाट सहायक प्रमुख कार्यकारी कार्यकारी अधिकृत प्रकाश कुमार अधिकारी र काठमाडौं डेन्टल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि को तर्फबाट अध्यक्ष दया सागर साहले हस्ताक्षर गर्नुभयो।

सो सम्झौता बमोजिम अस्पतालको विविध सेवाहरुमा लाग्ने शुल्कहरुमा नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरुलाई विल रकमको ३० प्रतिशत र बैंकमा खाता रहेका ग्राहकहरुलाई २५ प्रतिशतले छुट हुने भएको छ।

# लक्ष्मी ग्रुपको ५१ औं वार्षिकोत्सवको अवसरमा विविध कार्यक्रम



काठमाडौं- लक्ष्मी ग्रुपले आफ्नो ५१ औं वार्षिकोत्सव मनाएको छ। ग्रुपले आफूमातहतका विभिन्न संस्थामार्फत विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) कार्यक्रम गर्दै शुक्रवार आफ्नो ५१ औं वार्षिकोत्सव सम्पन्न गरेको हो।

ग्रुपअन्तर्गतको कम्पनी तथा हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले ललितपुरको सेरेब्रल पल्सी सेन्टरमा ६० जना बढी बालबालिकालाई स्टेसनरी र अन्य सामग्री उपलब्ध गराएको कम्पनीले जनाएको छ।

त्यस्तै ग्रुपले रक्तदान कार्यक्रम सञ्चालन गर्यो। जसमा १०० भन्दा बढी कर्मचारीले सहभागिता जनाएका थिए। लक्ष्मी ग्रुपअन्तर्गतको हुन्डाई काठमाडौंले नक्सालस्थित भाटभटेनी मन्दिर र वरपर सफाइ अभियान सञ्चालन पनि गरेको छ।

सन् १९७३ मा लक्ष्मी मिठाइ भण्डारको रुपमा मिठाइ उत्पादनबाट व्यवसाय शुरू गरेको लक्ष्मी ग्रुप कन्फेक्सनरी, निर्माण सामग्री, गाडी तथा कम्पोनेन्टको बिक्री-वितरण र होम एप्लाएन्सेसलगायत अन्य गणुस्तरीय उत्पादन र सेवाका लागि परिचित कम्पनीहरूको प्रतिष्ठित समूह बनेको छ।

# ग्लोबल आइएमई बैंकद्वारा "ग्लोबल हाट बजार" सञ्चालनमा

काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले आफूले ऋण लगानी गरेका लघु, साना तथा मझौला उद्यमीले उत्पादन गरेका वस्तुहरुलाई बजारीकरणमा सहजीकरण गर्ने उद्देश्यले ग्लोबल हाट बजार सञ्चालनमा ल्याएको छ।

उद्यमीको उत्पादन, ग्लोबल आइएमईको प्रोत्साहन- भन्ने नारालाई आत्मसाथ गर्दै बैंकले आफ्नो लगानीमा सञ्चालित लघु, साना तथा मझौला उद्यमीहरुले गरेका उत्पादनलाई बजारसम्मको पहुँच विस्तार गराउने उद्देश्यले बैंकको काठमाडौंको कमलादी शाखा कार्यालयमा हरेक शुक्रबार हाट बजार सञ्चालन गर्नेछ। बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले उक्त हाट बजारको उद्घाटन गर्नुभएको छ।

प्रमुख कार्यकारी अधिकृत रेग्मीले दिगो तथा हरित अर्थतन्त्र निर्माणमा योगदान पुर्‍याइरहेका लघु, साना तथा मझौला उद्यमहरुको बजारमा पहँच विस्तार गर्नु हाट बजारको प्रमुख उद्देश्य रहेको बताउनुभयो।

हाट बजारले अर्गानिक, रैथाने तथा स्थानीय उत्पादनलाई प्रोत्साहित गर्दै बजारीकरण गर्न सहजीकरण गर्ने र नेपाली उत्पादकलाई हौसला प्रदान गर्ने प्रमुख कार्यकारी अधिकृत रेग्मीले बताउनुभयो।

"यो हाम्रो सानो तथा सिम्बोलिक अभियान हो। यसैगरी, हाम्रा अर्गानिक, रैथाने तथा स्थानीय उत्पादनको प्रवर्द्धन गर्न सकिन्छ। हाम्रो अर्थतन्त्रको आधार यिनै लघु, साना तथा मझौला उद्यम नै हुन्। यसका साथै, आफ्ना ऋणीले उत्पादन गरेका वस्तु खपत गर्ने तथा ती उत्पादनलाई प्रवर्द्धन गर्नु बैंकको पनि दायित्व हो," उहाँले भन्नुभयो।

उहाँले हाट बजारमा विषादी रहित कृषि उपज, रैथाने बाली तथा सो अनुरुपका बालीका उत्पादन, स्थानीय स्रोतको उपयोग गरी उत्पादन गरिएका हस्तकला सामग्री, सजावटमा प्रयोग हुने बिरुवा लगायतका सामाग्रीहरु प्रदर्शन तथा बिक्रीका लागि राखिने जानकारी दिनुभयो।

आफ्ना ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लाभान्वित गर्दै आएको छ। ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो। साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ।




ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ।

# सौराहाको सेभेन स्टार रिसोर्ट चार तारेमा स्तरोन्नति

काठमाडौं- सौराहाको सेभेन स्टार रिसोर्ट ४ तारेमा स्तरोन्नति भएको छ। रिसोर्टले पुस ७ गते चार तारेमा स्तरोनन्ति भएको पत्र पर्यटन विभागबाट पाएको हो। चार तारेको मान्यता पाँच वर्षका लागि भएको विभागले जनाएको छ।

रिसोर्टले यसअघि दुई तारेको मान्यता पाएको थियो। रिसोर्टका सञ्चालक शिवराज दुवाडीले १० करोड रुपैयाँ खर्चेर रुम रेनोभेसन सँगै स्पा, फिटनेस क्लब लगायत अतिरिक्त सेवा विस्तार गरेको जानकारी दिए।

'पहिला पनि हाम्रो सेवाको स्तर ४ तारे सरहकै थियो। अहिले हामीले रेनोभेसन र एमिनिटीज थपेर चार तारेस्तरको मान्यता लिएका हौं,' उनले भने, 'हामीले रुम रेनोभेसनसँगै स्पा र फिटनेस क्लबको सेवा दिन थालेका छौं।'

दुवाडीका अनुसार ४८ कोठा क्षमताको रिसोर्टमा ४ वटा सुइट, १२ वटा डिलक्स र ३२ वटा स्टाण्डर्ड रुम छन्। रिसोर्टमा १०००, ३०० र डेढ सय जना क्षमताका ३ वटा कन्फ्रेन्स हल छन्। ११ वर्ष अगाडि १६ करोड रुपैयाँ लागतमा रिसोर्ट तयार गरिएको थियो।

# द वन्डरल्यान्डमा सबै उमेर समूहलाई केन्द्रित गर्दै "द वन्डरल्यान्ड विन्टर" कार्निभल कार्यक्रम हुने

ललितपुर- द वन्डरल्यान्ड गेम जोनले धयलमभचबिलम अबचलषखबर्ा घोषणा गर्न गइरहेको छ। सोहि कार्निभल कार्यक्रम डिसेम्बर २४ देखि जनवरी १ सम्म हुनेछ।

यहाँ परिवार र साथीहरूसँग आउन सक्नुहुनेछ। जहाँ हामी अतिरिक्त खेलहरू, मस्कट परेड, सान्ता क्लॉजको उपस्थिती, बिङ्गो सत्र, लक्की ड्रा, खेल प्रतियोगिता, खाने चुनौती, लाइभ ब्यान्ड, संगीत प्रस्तुतिहरू, डिस्को नाईट जस्ता रोमाञ्चक गतिविधिहरू हुनेछ।

यहि कार्यक्रम अन्तरगत वन्डरल्यान्डको एक वर्षको सफलता मनाउनका लागि पनि उपस्थित भएको र यो एक वर्षको अवधिमा वन्डरल्यान्डले मात्र एक उत्कृष्ट मनोरञ्जन स्थलको रूपमा आफ्नो स्थान बनाउन सफल भएको छ। वन्डरल्यान्डले देशभरि लोकप्रियता प्राप्त गर्दै सबै उमेरका मानिसहरूको मन जित्न पनि सफल भएको छ।

यो कर्निभल एक वर्षमा प्राप्त गरेको सफलताको उत्सव मनाउदै भविष्यमा पनि वन्डरल्यान्डमा यस्ता उत्सव र मनोरन्जनात्मक कार्यक्रमहरूको आयोजना गर्ने घोषणा साथै विभिन्न कार्यक्रम मार्फत झन शसक्त र सुधार गर्दै जानेछ।

नेपालको एक शीर्ष रमाइलो पार्क वन्डरल्याण्ड नेपालमा हरेक उमेर समूहका लागि रमाईलो आकर्षणहरू प्रदान गर्न सफल भएको छ। यहाँ थ्रिल राइड्सदेखि लिएर पूर्णतः डुब्दो भर्चुअल रियालिटी अनुभवसम्म सबैका लागि आकर्षक गतिविधिहरू उपलब्ध छन्। गो-कार्टिङ, Virtual reality, motorized zipline, projection bowling, trampoline, outdoor rides, arcade जस्ता सुरक्षित र रोमाञ्चक गतिविधिहरूले परिवारलाई अविस्मरणीय यादहरू सिर्जना गर्न सहयोग पुर्याएका छन्।




मनोरञ्जनको खोजी गर्ने नेपाली र पर्यटकहरूका लागि वन्डरल्यान्ड नेपालले उत्कृष्ट गन्तव्यको रूपमा आफूलाई स्थापित गरेको छ। चाहे निजी कार्यक्रमको आयोजना गर्न चाहना होस वा रोमाञ्चक साहसिक दिन बिताउने योजना बनाउन, वन्डरल्यान्डले हरेक पललाई उत्सवमा बदलिदिएको छ।

# एनसेल फाउन्डेसनले एनपीएलका चौकाबापत विद्यार्थीलाई २६१२ शैक्षिक सामग्री वितरण गर्ने

काठमाडौं- एनसेल फाउन्डेसनले नेपाल प्रिमियर लिग (एनपीएल) का खेलहरूमा प्रहार गरिएका चौकाबापत २६०० भन्दा बढी शैक्षिक सामग्री वितरण गर्ने भएको छ।

Ncell

एनसेलले एउटा चौकाबापत चार वटा शैक्षिक सामग्री दिने घोषणा अनुसार एनपीएलमा प्रहार गरिएको कुल ६५३ चौकाबापत ग्रामीण र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयका विद्यार्थीलाई सहयोग गर्ने भएको हो।

शैक्षिक सामग्रीबापत विद्यार्थीले स्कुल ब्याग, कापी, सिसाकलम, इरेजर, कटरलगायत स्टेसनरी सामान पाउने एनसेलले सोमबार प्रेस विज्ञप्तिमार्फत जनाएको छ।

क्रिकेटदेखि कक्षा कोठासम्मको यस नवीन पहलले विद्यार्थीको पठनपाठनमा सकारात्मक परिवर्तन ल्याउने एनसेलको विश्वास छ।

एनपीएलमा जनकपुर बोल्टस्का खेलाडी लाहिरु मिलान्थाले सबैभन्दा धेरै कुल ३५ चौका प्रहार गरेका थिए। त्यस्तै पोखरा एभेन्जर्सका आन्द्रियस गौसले ३०, लुम्बिनी लायन्सका रोहितकुमार पौडेलले २६, चितवन राइनोजका रविन्द्र बोपारा र सुदूरपश्चिम रोयल्सका सैंफ जैबले २४/२४ चौका प्रहार गरेका थिए।

एनसेलकी कर्पोरेट कम्युनिकेसन एन्ड सीएसआर हेड विशाखालक्ष्मी खड्काले एनपीएलसँग जोडिएर स्रोत आवश्यक रहेका विद्यार्थीहरुलाई शैक्षिक सामग्री प्रदान गर्न पहलकदमी गर्न पाउँदा एनसेल उत्साही रहेको बताइन्।

उनले शैक्षिक सामग्री वितरणका लागि नेपाल क्रिकेट संघ, सम्बन्धित टिम लगायतसँग सहकार्य गर्ने बताइन्।

# लक्ष्मी सनराइज बैंकले वित्तीय दुरुपयोग समाधान गर्न आईएफसीसँग साझेदारी गर्ने

काठमाडौं। लक्ष्मी सनराइज बैंकले वित्तीय दुरुपयोग समाधान गर्न अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी)सँग साझेदारी गर्ने भएको छ। बैंकले आईएफसीको 'एम्पावर फाइनान्स एलायन्स' अन्तर्गत सम्झौतामा हस्ताक्षर गरेको छ।

आईएफसीले 'एम्पावर फाइनान्स एलायन्स' मार्फत बैंकलाई सुरक्षित बैंकिङ सेवा विकास गर्न आवश्यक मार्ग निर्देशन गर्नेछ।

यसले बैंकलाई वित्तीय दुरुपयोग रोकथाम र समाधानमा आफ्नो भूमिका परिभाषित गर्न र कार्यान्वयनको अवस्था जानकारीका लागि आन्तरिक परीक्षण गर्न सहयोग पुर्‍याउने बैंकका प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाहले बताए।

'यो साझेदारी बैंकिङ क्षेत्रमा वित्तीय दुरुपयोग जस्तो महत्त्वपूर्ण र प्रायः बेवास्ता गरिने समस्यालाई समाधान गर्नेतर्फ एक महत्वपूर्ण कदम हो,' उनले भने।

आईएफसीका का बङ्गलादेश, भुटान र नेपालका देशीय प्रबन्धक मार्टिन होल्टमानले साझेदारीमार्फत बैंकमा मानकहरू लागू गरी प्रणालीगत सुधार ल्याउन र वित्तीय गतिविधिका लागि सुरक्षित वातावरण सिर्जना गर्ने बताए।



# सुन आयात तथा बिक्री सम्बन्धी कार्यविधि परिमार्जन गर्दै राष्ट्र बैंक

काठमाडौं- नेपाल राष्ट्र बैंकले सुन आयात तथा बिक्री वितरण कार्यविधि परिमार्जन गर्ने भएको छ। कार्यविधि परिमार्जनका लागि सुझाव दिन राष्ट्र बैंकले कार्यदल गठन गरेको छ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले सुन बिक्री वितरणको समस्या समाधानका लागि कार्यविधि परिमार्जनको प्रक्रिया अगाडि बढाएको बताए।

'हामीले सुन बिक्री सम्बन्धी कार्यविधि परिमार्जनका लागि कार्यदल गठन गरेका छौं। त्यसले दिने सुझावका आधारमा कार्यविधिमा सुधार गर्छौं,' नेपालले भने।

अहिले कार्यान्वयनमा रहेको कार्यविधि २०६८ मा बनाइएको हो। कार्यकारी निर्देशक नेपालले कार्यविधि परिमार्जन नभएसम्मका लागि सुनचाँदी व्यवसायी संघ र महासंघमा आवद्ध नभएका व्यवसायीले पनि बैंकसँग सुन किन्न पाउने निर्णय गरेको जानकारी दिए।

कार्यविधिमा भने बैंकसँग सुन खरिदका लागि संघ वा महासंघको सिफारिस चाहिने व्यवस्था छ। संघ र महासंघबीचको विवादले सुन आयात नै प्रभावित भएपछि राष्ट्र बैंकले संघ/महासंघमा आवद्ध नरहेका व्यवसायीलाई पनि सुन बिक्री गर्न नेपाल बैंकर्स संघलाई पत्राचार गरेको नेपालले जानकारी दिए।

## खेलकुद

# नेपाल इन्टरनेसनल च्यालेन्ज : प्रिन्स र रसिला पराजित




काठमाडौं- ब्याडमिन्टनका नेपालका नम्बर वान प्रिन्स दाहाल र रसिला महर्जन सोमबार सुरु योनेक्स सनराइज इन्टरनेसनल च्यालेन्ज ब्याडमिन्टनमा पराजित भएका छन् । दुवै एकलतर्फको खेलमा पराजित भएका हुन् ।

ओलम्पियन खेलाडी प्रिन्सले भारतका कविन थाङ्गमसँग पराजित भए । त्रिपुरेश्वर स्थित राखेप कभर्डहलमा पहिलो सेटमा २२-२० ले आफ्नो पक्षमा पारेका प्रिन्सले त्यसपछि लगातार दुई सेटम २१-१२, २१-१३ ले गुमाएका थिए ।

महिला एकलतर्फ शीर्ष वरीयताकी रसिला महर्जन भारतीय अदिती भट्टसँग पराजित भइन् । उनले २१-११, २१-१४ को सोझो सेटमा खेल गुमाएकी हुन् ।

विश्व ब्याडमिन्टन महासंघको मान्यताप्राप्त यस च्याम्पियनसिपमा पुरुष एकलको क्वालिफाइङ राउन्डमा नेपालका क्षितिज खनालले पहिलो चरणमा जित पाए । उनले भारतका चरण नायकलाई २१-१४, १७-२१, २१-१७ ले पराजित गरेका थिए । तर, दोस्रो चरणमा उनी भारतकै सिद्धान्त सलारसँग २१-१८, २१-८ ले पराजित भए ।नेपाली खेलाडीहरूमा देव राना भारतका सिद्धान्त सलारसँग २१-११, २१-११ ले, भोजबहादुर गुरुङ भारतका मोहित गोवाडा पालाक्षासँग २१-९, २१-१० ले, जीवन आचार्य भारतकै प्रणव राम नागालिङ्गमसँग २१-१२, २१-१५ ले, प्रफुल महर्जन बंगलादेशका खान्दोकर अब्दुस सोदसँग २१-१५, २१-१८ ले, अमन महर्जन भारतका अतुल जोनसँग २१-१५, २१-९ ले र सुनील जोशी श्रीलंकाका सेनुक समारत्नेसँग २१-१८, २१-८ ले पराजित भएका थिए ।

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेको प्रतियोगिताको पुरुष/महिला एकल तथा युगल र मिक्स गरी ५ विधामा २२ राष्ट्रका १ सय ७ खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन् । त्यसमा नेपाल ९ पुरुष र ७ महिला खेलाडीको सहभागिता छ ।

# सनसाइन र काठमाडौं जेभियर्स विजयी

काठमाडौं- सनसाइन र काठमाडौं जेभियर्स १३ औं प्याब्सन मध्यक्षेत्रीय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजतर्फ क्वाटरफाइनल पुगेका छन् ।

सनसाइनले चैतन्य शिक्षा संस्कारलाई ४१-३१ स्कोरले पराजित गर्‍यो । सनसाइनको जितमा सोनाम तामाङले २० स्कोर गरे । सुवर्ण भुजेलको ६ स्कोरमा काठमाडौं जेभियर्सले लिभरपुललाई २७-५ ले हरायो । अल्वर्ट, अवेरनेस एकेडेमी, मार्वलस र हेम्स पनि क्वाटरफाइनलमा पुगे ।

सिनियर गर्ल्समा काठमाडौं जेभियर्स, स्पाङ्गेल, एसियन पब्लिक, श्रीजन्शिल, स्वप्न वाटिका, लिभरपुल, चैतन्य र इनोभेटिभले क्वाटरफाइनलमा स्थान सुरक्षित गरे ।

जुनियर ब्वाइजमा काठमाडौं जेभियर्स,



एसियन पब्लिक, लिटिल फ्लावर, सनसाइन, एआईए र स्पाङ्गेलले क्वाटरफाइनल यात्रा तय गरे ।

# एकनाथ ढकाल र टिमोरका प्रधानमन्त्री क्षानना गुस्माओ विच शिष्टाचारभेट

काठमाडौं- संघिय सांसद एकनाथ ढकालद्वारा प्रजातान्त्रिक गणतन्त्र इस्ट टिमोरका प्रधानमन्त्री क्षानना गुस्माओ संग शिष्टाचारभेट प्रधानमन्त्री गुस्माओ द्वारा सांसद ढकाललाइ बिशेष अभिनन्दन काठमाडौं प्रतिनिधि सभाका सदस्य एवम् पूर्वमन्त्री एकनाथ ढकालले मित्र राष्ट्र प्रजातान्त्रिक गणतन्त्र इस्ट टिमोरका प्रधानमन्त्री क्षानना गुस्माओसंग शिष्टाचार भेट गरेका छन् ।

इस्ट टिमोरको प्रधानमन्त्री कार्यालयमा भएको भेटमा द्विपक्षीय हित र मित्रता अभिबृद्धि गर्ने बारे छलफल भएको ढकालको सचिबालयले जनाएको छ ।

सांसद ढकालले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फवाट प्रधानमन्त्री गुस्माओलाई शुभकामना दिदै उपयुक्त समयमा नेपालको मैत्रीपूर्ण भ्रमणको लागि समेत आग्रह गर्नु भयो भने प्रधानमन्त्री गुस्माओले नेपालसंगको मैत्रीपुर्ण सम्बन्धलाई थप उचाइमा पुर्याउने बताउनु भयो ।

भेटमा आपसी सम्बन्ध तथा क्षेत्रीय स्तरमा शान्ति र सहकार्यको विस्तार गर्ने बिषयमा पनि छलफल भयो ।प्रधानमन्त्री गुस्माओले सांसद ढकाललाई बिशेष अभिनन्दन समेत गरेका थिए । साथै सांसद ढकालले इस्ट टिमोरका पूर्व प्रधानमन्त्री मारी अल्कातिरी, निर्बाचन आयोगका अध्यक्ष डा होसे ए दा कोस्टा बेलो पेरेइरा तथा इस्ट टिमोरका कार्डिनल विर्गीलियो डो कार्मो दा सिलवा लगाएत विशिष्ट व्यक्तित्वहरु संग पनि शिष्टाचार भेट गर्नु भयो ।

पूर्व मन्त्रि समेत रहेका ढकाल इस्ट टिमोरको ३ दिने मैत्रीपुर्ण भ्रमणमा छन् । ढकाल प्रतिनिधि सभाको अन्तराष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति सदस्य हुन् । नेपाल र इस्ट टिमोर बीच सन् २०२२ मा कुटनैतिक सम्बन्ध स्थापना भएको हो ।

# "नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाका नेताहरु एकै पोशाकमा केन्द्रीय समिति बैठकमा सहभागी"



काठमाडौं- कपिलवस्तुको शिवगढीस्थित केन्द्रीय कार्यालय अगाडि नेकपाका महिला नेताहरु । नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाका नेताहरु आफैंले उत्पादन गरेको एकै खालको पोशाक लगाएर केन्द्रीय समिति बैठकमा सहभागी भएका छन् ।

मंसिर २७ गतेदेखि कपिलवस्तुको शिवगढीमा जारी केन्द्रीय समिति बैठकमा सहभागी सबै नेताहरु कालो रंगको कोट, पाइन्ट र सेतो सर्टमा सहभागी भएका हुन् ।

» बाकी ६ पृष्ठमा

# पत्रकार महासंघ काठमाडौंको सचिवमा सम्पादक बोहोरा





काठमाडौं- अर्थ सवाल साप्ताहिकका सम्पादक तथा प्रकाशक रमेश कुमार बोहोरा नेपाल पत्रकार महासंघ, काठमाडौं शाखाको सचिवमा निर्वाचित भएका छन् ।

यसअघि काठमाडौं शाखामा कार्यसमिति सदस्यका रुपमा सक्रिय बोहोरा गत मंसिर २८ गते सम्पन्न महासंघको निर्वाचनमा सचिव पदमा विजयी भएका हुन् ।

नेपालमा लोकतन्त्र स्थापनाका साथै जनतालाई सुसूचित गर्न अहं भूमिका निर्वाह गरी इतिहास कायम गरेका साना तथा स्वरोजगारमूलक साप्ताहिक पत्रिकाहरुको हित र संरक्षणमा निरन्तर लागिपरिरहेका बोहोरा सचिव जस्तो जिम्मेवारीपूर्ण पदमा निर्वाचित भएसँगै समग्र पत्रकारहरुको साझा समस्या समाधान हुने विश्वास आम पत्रकारहरुले गरेका छन् ।

बोहोराको कार्यकालमा नेपाली पत्रकारिता क्षेत्रमा उत्पन्न विवाद समाधान गरी पत्रकारहरुको साझा संस्थाका रुपमा महासंघलाई स्थापित गर्ने र गैरपत्रकारहरुको प्रवेश रोक्न सफल हुने विश्वास गरिएको छ ।

निर्वाचित भएपछि पत्रकार बोहोराले आफू सम्पूर्ण पत्रकारहरुको साझा मुद्दा बोकेर निरन्तर लागिपर्ने र विगतमा भन्दा अझ बढी सक्रिय हुँदै पाएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन् ।

# संस्कृति मन्त्री बद्री पाण्डेलाई चिनियाँ प्रभावको कठपुतली भएको आरोप

काठमाडौं- संस्कृति, पर्यटन र नागरिक उड्डयनमन्त्री वद्री पाण्डेमाथि विदेशी प्रभावको साधन बनेर सांस्कृतिक उपनिवेशवाद र राष्ट्रिय सार्वभौमसत्तामा असर गर्ने गतिविधिहरू बढाएको आरोप लाग्न थालेको छ ।

यो आरोप नेपालले चीनसँग बेल्ट एन्ड रोड इनिसिएटिभ. बीआरआई सम्झौतामा हस्ताक्षर गरेपछि काठमाडौंमा आयोजित नवौं नानहाई बौद्ध सम्मेलनको आयोजनासँगै लाग्न थालेको हो ।

मन्त्री पाण्डेको अनुमतिमा उक्त सम्मेलन आयोजना गरिएको भनिएपछि नेपालको सांस्कृतिक र राजनीतिक क्षेत्रमा चिनियाँ प्रभावबारे गम्भीर बहस सुरु भएको छ ।




मन्त्री पाण्डे, जो कांग्रेस महामन्त्री गगन थापा र स्वास्थ्य मन्त्री प्रदीप पौडेलसँग नजिक छन्, आफ्नो कार्यशैलीका कारण आलोचनाको केन्द्रमा छन् स्रोतका अनुसार पाण्डे मन्त्री नियुक्त हुन गगन थापाको ठूलो भूमिका थियो ।

थप रूपमा, मन्त्री पाण्डेमाथि सातदोबाटो स्टेडियममा रहेको स्क्वाश कोर्टमा नेपाल नागरिक उड्डयन प्राधिकरण ९सीएएएन० का महानिर्देशक प्रदीप अधिकारीसँग भेट गरी मन्त्रीस्तरीय प्रोटोकल उल्लङ्घन गरेको आरोप छ ।

आलोचकहरूले यस भेटलाई अनुपयुक्त भन्दै त्यसले 'म्याच फिक्सिङ' वा अन्य शङ्कास्पद लेनदेनको सङ्केत गरेको दाबी गरेका छन् ।

गगन थापासँग नजिक मानिने प्रदीप अधिकारी पनि अनेकौं विवादमा मुछिएका व्यक्ति हुन् । भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका मुख्य इन्जिनियरका रूपमा अधिकारीमाथि कुप्रबन्धन र राष्ट्रिय सुरक्षामा खतरा पुऱ्याएको आरोप लागेको छ ।

विशेष गरी पोखरा विमानस्थललाई आलोचकहरूले अक्षम व्यवस्थापनको प्रतीक भनेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अधिकारीलाई बारम्बार बोलाए पनि अहिलेसम्म औपचारिक मुद्दा नचलाउनुले आयोगको प्रभावकारिता माथि पनि बारम्बार प्रश्न उठ्ने गरेको छ ।

अधिकारीमाथि चिनियाँ एजेन्टको रूपमा विदेशी हितहरू प्रवर्द्धन गरेको आरोप थप गम्भीर छ । रिपोर्टअनुसार अधिकारीले गगन थापाका लागि आर्थिक सहयोग पुऱ्याउँदै आएका छन्, जसले नेपालको राजनीतिक र पूर्वाधार योजनामा विदेशी प्रभावको चिन्तालाई झनै बढाएको छ ।

स्रोतहरूका अनुसार बीआरआई सम्झौता र त्यस सम्बन्धी छलफल काठमाडौं मै गगन थापा र कानूनी सल्लाहकार सेमन्त दाहालको नेतृत्वमा गरिएको दाबी गरिएको छ ।

यसले नेपालका नीति निर्माण प्रक्रियामा बाह्य प्रभावको गहिरो संलग्नता रहेको शङ्का थप बलियो बनाएको छ । आलोचकहरूले यी गतिविधिलाई नेपालको राजनीतिज्ञहरूले विदेशी एजेन्डालाई राष्ट्रिय हितमाथि प्राथमिकता दिएको प्रमाणका रूपमा व्याख्या गरेका छन् ।

नवौं नानहाई बौद्ध सम्मेलन मन्त्री पाण्डेको संरक्षणमा आयोजना गरिएको र लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्हारक्याल लामा लामाको संलग्नतामा सम्पन्न भएको भनिएको छ ।

यस कार्यक्रममा चिनियाँ अधिकारीहरूको व्यापक उपस्थिति रहेको र होटल याक एन्ड यतीमा चिनियाँ प्रतिनिधिहरूको उल्लेखनीय जमघट देखिएको स्रोतहरूले बताएका छन् ।

यी आरोपहरूले व्यापक बहस निम्त्याएको छ । नेपालका राजनीतिक नेतृत्वमा पारदर्शिता र जवाफदेहिताका लागि जोडदार माग उठिरहेको छ । विदेशी शक्तिहरूको प्रभावले नेपालको सार्वभौमसत्तामा गम्भीर असर पारिरहेको सन्दर्भमा राष्ट्रिय हितमा केन्द्रित निर्णयहरूको आवश्यकता झनै महत्वपूर्ण बनेको छ ।

# संवैधानिक अधिकार प्रदेशले पाएन : मुख्यमन्त्री आचाय

काठमाडौं- गोष्ठीलाई सम्वोधन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधानको एकल र साझा सूचीका अधिकार कार्यान्वयन गर्न संघीय सरकारले सघाउनुपर्ने बताए ।

प्रदेशमा प्रहरी समायोजन नहुँदा शान्ति सुरक्षा कायम गर्नेदेखि प्रहरीलाई साधनस्रोत सम्पन्न बनाउन समेत प्रदेश सरकारलाई रोकेको उनले बताए ।

उनले तत्काल प्रदेशमा प्रहरी समायोजनदेखि प्रदेश अनुसन्धान व्यूरो स्थापना गर्नेसम्मका विषयमा संघीय सरकारको ध्यानाकर्षण गराए प्रहरी समायोजन नहुँदा प्रदेश सरकारले प्रहरी कार्यालयको भवन निर्माण गर्न हालेको बजेट समेत कार्यान्वयन हुन नसक्ने अवस्था छ ।

गत बर्षको बजेट पनि खर्च हुन सकेन' मुख्यमन्त्री आचार्यले भने, 'संघीय सरकारले अनुमति नदिँदा प्रहरी कार्यालय बनाउन हालिएका बजेट फ्रिज हुन पुगे । यस वर्ष पनि प्रदेश सरकारले प्रहरी कार्यालय भवन निर्माण गर्न बजेट विनियोजन गरेको छ ।'

प्रदेश भित्र प्रहरी कार्यालय भवन जीर्ण हुँदा समस्या परेको, प्रदेश सरकारले भवन निर्माणका लागि ध्यान दिए पनि प्रहरी समायोजनको विषय अघि नबढ्दा समस्या परेको उनको भनाइ छ ।

यस्तै प्रदेश सरकारले संघीय सरकारले साझा र एकल सूचीका अधिकारलाई प्रदेशमा कार्यान्वयनका लागि नपठाउँदा समस्या परेको मुख्यमन्त्री आचार्यले बताए । 'संघीय निजामती सेवा ऐन नआउँदा प्रदेशमा काम गर्न जटिलता छ । हामीले बनाएको ऐन समेत कार्यान्वयन गर्न खोज्दा समस्या देखियो' उनले भने, 'संघीय शिक्षा ऐन समेत नआउँदा प्रदेशले काम गर्न पाएन ।'

प्रदेश सरकारले सुशासन प्रवर्द्धन र भ्रष्टाचार विरुद्धको अभियानलाई प्राथमिकतामा राखेको र सोही अनुसार कार्यान्वयन पक्षलाई बलियो बनाउँदै लगेको उनले बताए ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १९, २०८१ साल पुस ९ गते मंगलबार (Dec 24, 2024)

# काभ्रेमा केपीलाई गोकुलको चुनौती, विद्यार्थी संगठनमा समानान्तर कमिटी




काभ्रे- काभ्रेमा एमाले निकट अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) विभाजित भएको छ । ३१औं जिल्ला अधिवेशन विवादित बन्दा दुई समूह निर्माण भएका छन् ।

अधिवेशनबाट छुट्टाछुट्टै दुईवटा जिल्ला कमिटी घोषणा भएका छन् । एउटा समूह पार्टी अध्यक्ष केपी शर्मा ओली निकट हो भने अर्को समूह पोलिटब्युरो सदस्य गोकुल बाँस्कोटा पक्षको हो । शनिबार सम्पन्न भेलाबाट दुवै पक्षले सर्वसम्मत नेतृत्व चयन भएको भन्दै छुट्टाछुट्टै कमिटी सार्वजनिक गरेका हुन् ।

ओली पक्षले निराजन तिमल्सिनाको अध्यक्षतामा ३३ सदस्यीय नयाँ कमिटी घोषणा गरेको छ । निर्वाचन मण्डनका अध्यक्ष हेमराज हुमागाईंले घोषणा गरेको कमिटीको उपाध्यक्षमा भिजन थापा, सुजन कोइराला र प्रजिता ढुंगाना, सचिवमा सुजन सापकोटा, सहसचिवमा सन्जिव हुमागाई, उत्कर्ष दाहाल र तृष्णा तामाङ, कोषाध्यक्षमा विनायक न्यौपाने निर्वाचित भएका हुन् ।

अधिवेशनले कार्यालय सचिवमा विकास योञ्जनलाई निर्वाचित गरेको छ । सदस्यहरुमा लक्ष्मी खकुरेल, पूजा खड्का, अरुण काफ्ले, सुमन प्याकुरेल, सन्जिव गिरी, अन्जना तामाङ, योसन तामाङ, सन्ध्या धिताल, अनिस नेपाल, सन्देश बोलखे, तारा तामाङ, रविना खड्का, सुजन बाला श्रेष्ठ निर्वाचित भएका छन् । त्यसैगरी सर्मिला तिमल्सिना, राजदिप श्रेष्ठ, सुस्मिता तिमल्सिना, सलिना बन्जारा, मनिषा हुमागाई, विनायक न्यौपाने, सुपिद दाहाल, बुद्ध लामा, मनिषा तामाङ र निरु तामाङ सदस्यमा निर्वाचित भएको निर्वाचन मण्डलका अध्यक्ष हुमागाईंले जानकारी दिए ।

बाँस्कोटा समूहले दिपेश तिमल्सिनाको अध्यक्षतामा कमिटी घोषणा गरेको छ । यो कमिटीको उपाध्यक्षमा सौगात अधिकारी, आयुष बडाल र सुजन सापकोटा, सचिवमा प्रवीण पौडेल, सहसचिवमा तिर्सना तामाङ, आभाष चौलागाई र उत्कर्ष दाहाल र कोषाध्यक्षमा प्रजिता ढुंगाना रहेका छन् । पोलिट्ब्युरो सदस्य तथा संघीय सांसद गोकुलप्रसाद बास्कोटाले उद्घाटन गरेको अधिवेशनमा अध्यक्ष मण्डल बनाउने विषयमा नै विवाद भएको थियो ।

संस्थापनले जनसंगठन विभाग प्रमुख प्रकाश रोक्काको अध्यक्षतामा अध्यक्ष मण्डल बनाउन खोजेपछि विवाद भएको थियो । अर्को पक्षले अनेरास्वियु स्थायी कमिटीको निर्णय अनुसार प्रदेश अध्यक्षको अध्यक्षतामा गठन गर्ने प्रचलन रहेकाले सोही अनुसार गर्नुपर्ने अडान राखेको थियो ।

केन्द्रीय निर्वाचन आयोग संयोजक सत्या शाहीले निर्वाचन आयोगका सदस्य हेमराज हुमागाईंलाई संयोजक तोकेर पत्र पठाएपछि संस्थापन पक्षले त्यसलाई मानेको छैन । अनेरास्वियु काभ्रेका निवर्तमान अध्यक्ष मिलनकुमार गौतमले बन्दसत्रका सबै प्रक्रिया सकेर ब्यानर र झण्डासमेत निकालिसकेपछि आएर भएको घोषणा मान्य नहुने बताए ।

अनेरास्वियु निर्वाचन आयोगका सदस्य हेमराज हुमागाईंले पनि विधि, विधान र प्रक्रिया सबै लत्याएर गरिएको घोषणा मान्य नहुने बताए । अनेरास्वियुको केन्द्रीय समिति नै विभाजित देखिएको छ । काभ्रे गृह जिल्लासमेत रहेका केन्द्रीय अध्यक्ष समिक बडालले संस्थापन पक्षले घोषणा गरेको कमिटी आधिकारिक भन्दै सामाजिक सञ्जालमा सार्वजनिक गरेका छन् । बहुमत स्थायी कमिटी भने निराजनको कमिटीको पक्षमा रहेको दाबी छ ।

पृष्ठ ५ बाट जारी

## नेकपाका नेता...

केन्द्रीय समिति सदस्य शरद ओलीका अनुसार ती पोशाक शिवगढीमा पार्टीले नै सञ्चालन गर्दै आएको गार्मेन्टका उत्पादन हुन् । 'शिवराज नगरपालिकाको शिवगढीमा हाम्रो केन्द्रीय कार्यालय छ । केन्द्रीय कार्यालय मातहत जनकम्युन छ, त्यो जनकम्युनले गार्मेन्ट पनि सञ्चालन गर्दै आएको छ ।

केन्द्रीय समिति बैठकमा सहभागी सबैले लगाएको ड्रेस त्यही गार्मेन्टमा सिलाइएको हो ।'

हेर्दा राम्रो पनि देखिने र सामूहिक रुपमा सिलाउँदा सस्तो पनि हुने भएकाले एउटै ड्रेसकोड बनाइएको उनले बताए ।

उनका अनुसार नेकपाका नेताहरु यसरी एउटै ड्रेसकोडमा बैठकमा सहभागी भएको यो पहिलोपटक हो । अबदेखि बैठक र अरु कुनै औपचारिक कार्यक्रममा पार्टीका नेताहरु यही ड्रेसकोडमा देखिने उनले बताए ।

नेकपाका अर्का एक नेताका अनुसार गार्मेन्ट सन्चालनको जिम्मा संगम सीलाई दिइएको छ । उनी मातहत करिब एक दर्जन जनशक्ति कार्यरत छन् । गार्मेन्टमा कपडाहरु बाहिरबाट ल्याउने र बिभिन्न पोशाक सिलाएर बजारमा बेच्ने गरिन्छ ।

उक्त गार्मेन्टमा सर्ट, पाइन्ट, कोट, ज्याकेट, ट्राउजर, ट्र्याक सुट, स्कुल युनिफर्म लगायतका पोशाक सिलाइन्छ । उनीहरुले त्यस्ता पोशाक बेचेर भएको नाफा पार्टीमा बुझाउने नियम बनाइएको छ ।

नेकपाले पार्टीका केन्द्रीय प्रतिनिधि समिति र केन्द्रीय समितिका हरेक सदस्यहरु अनिवार्य उत्पादनमा जोडिनुपर्ने र आयआर्जन गरेर आत्मनिर्भर हुनुपर्ने नियम बनाएको छ ।

यही नियमअनुसार विभिन्न जिल्लामा सिजनअनुसारका कृषि उत्पादन पनि नेकपाले गर्दै आएको छ ।

मोरङ, चितवन, रुपन्देही, कपिलवस्तु, दाङ, बर्दिया लगायतका तराईका जिल्लाहरुमा पशुपालन, सिजनअनुसारका अन्न र नगदेबाली खेती गरिएको छ । जुम्ला र मुगुमा भने स्याउ खेती गरिएको छ ।

# अन्तराष्ट्रिय श्रमिक दिवस बिभिन्न कार्यक्रम गरी सम्पन्न

**विनोद नेपाली: परिक्रमा**




अन्तराष्ट्रिय श्रमिक दिवस (१८डिसेम्बर, २०२४) को अवसरमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मुल समारोह समिति द्वारा अन्तराष्ट्रिय आप्रवासी श्रमिक दिवस २०८१ पुस ३ गते प्रमुख अथिति श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शदरसिंह भण्डारी साथै उक्त मूल समारोह समितिका अध्यक्ष श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव मुकुन्द प्रसाद निरौलाको संयुक्त रुपमा ब्यानरगमा पढी सुरक्षित आप्रवासनको आधार सुचना र सिप सहितको रोजगार, भन्ने मुल नारा सहित बिभिन्न सचेतनामुलक नाराहरुका साथ साप्ताब्यापी कार्यक्रम गरी मनाईएको छ ।

कार्यक्रमलाई उत्साहपूर्वक मनाउन मन्त्रालयले आवहान समेत गरेको थियो । उक्त अन्तराष्ट्रिय आप्रवास दिवसको नाराहरुमा आप्रवासी आश्रीत परिवारको संक्षरण गरौं ।

सामाजिक सुरक्षा कोषमा योगदान आफु र आश्रीत परिवारको कल्याण, बिदेश जादै हुनुहुन्छ कमाउन धन, काम गर्दा ख्याल राखौं ।

आफ्नो मानसिक स्वास्थ्य र तन ।

आप्रवासी श्रमिकको सम्मान कामको लागि सम्मान ज्याला, महिला आप्रवासी श्रमिकको सम्मान गरौं, लैङ्गिक बिभेदको अन्त्य गरौं ।

आप्रवासी श्रमिकको स्वास्थ्य र सामाजिक सुरक्षाको आधार,व्यवस्थित र सम्माननित बैदेशिक रोजगार तहसम्म सञ्चार गर्न प्रदेश सरकार तथा स्थानीय तहको अगुवाईमा जिल्लास्थित बिभिन्न सरकारी निकायहरु वैदेशिक रोजगारको क्षेत्रमा कार्यरत बिभिन्न संघ संस्थाहरु सबै राजनितिक दलहरु, नागरिक समाज गैरसकारी एंव निजी संघ संस्थाहरु, ट्रेडयुनियन, सञ्चारजगत आप्रवासी श्रमिक तथा उनीहरुको परिवारसमेतको सहभागितामा बिभिन्न अन्तरक्रियात्मक कार्यक्रमको आयोजनाहरु गर्ने गरी मुलसमारोहका अध्यक्ष श्रम रोजगार तथा सामाजिक सुरक्षा सचिव मुकुन्द प्रसाद निरौलाबाट डिसेम्बर (१८ देखि २२ तारिक सम्म) साप्ताह व्यापी उत्साहपुर्वक मनाउन आवहान गर्दै सचीव निरौलाले बिभिन्न समस्यालाई बिभिन्न साझेदार संघ संस्थासँग मिलेर समाधान गरीने बताए ।

श्रम रोजगार तथा सुरक्षा मन्त्री शदरसिंहं भण्डारीले विदेशमा आप्रवासन भई दु:ख संर्घष गरेर नेपाल सरकारको आर्थिक मेरुदण्डको रुपमा रेमिटेन्स भित्रीरहेको अवस्था उनको परिवारलाई सहज तरीकाले सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सके मात्रै भैपरी आउने विपत्तीको समेत समाधान गर्न सकिने बताए ।

उनले बिभिन्न कारणहरु मध्ये गरीवी, आन्तरीक द्वन्द तथा असुरक्षा जलवायु परिवर्तनले पारेको असर, काम तथा रोजगारीको खोजी विश्व ब्यापीकरण एवं सुचना तथा सञ्चार प्रविधिको विकासका साथै आप्रवासन बाट शरणार्थीको रुपमा बिभिन्न देशहरुमा श्रमीक बन्न पुगेको श्रमीकहरुको लागि पक्कै सरकार संवेदनशील छ । यसको जतिसक्दो चाडो समाधान तर्फ मिलेर जानुपर्ने आवश्यकता औल्याए ।

त्यसैगरी मन्त्रालय वैदेशिक रोजगार बोर्ड र बिभिन्न साझेदार संघ संस्थाहरुबाट भएका अनुसन्धान र प्रतिवेदनलाई मध्यनजर गर्दो अन्तर्राष्ट्रिय आप्रवासन संगठन (iom) द्वारा प्रकाशित विश्व आप्रवासन प्रतिवेदन २०२४ (woold migration report) अनुसार विश्वभरी अनुमानीत २८.१ करोड मानिसहरु आप्रवासीको रुपमा रहेका छन् । जसमध्ये आप्रवासी श्रमिकहरुको संङख्या १६.९ करोड रहेको छ ।

आप्रवासीमाथि हुनसक्ने बिभेदलाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघले डिसेम्वर १८ का दिन आप्रवासी श्रमिक र तिनका परिवारको सदस्यहरुको अधिकार संरक्षण सम्बन्धी महासन्धी १९९० पारित गरी सन् २००३ जुलाई १ देखि लागु भएको छ ।

अन्तरार्ष्ट्रिय आप्रवासी दिवस हरेक बर्ष १८ डिसेम्बरमा मनाईन्छ । यसैगरी नेपालमा पनि यो दिवस आप्रवासीहरुको योगदानलाई मान्यता दिनको लागि विश्वव्यापी रुपमा मनाउदै आएको पाइन्छ ।

नेपाल सरकारको आर्थिक बर्ष २०८१-८-२ को नीति तथा कार्यक्रममा बैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन बैदेशिक रोजगार सम्बद्ध कानुन परिमार्जन, सीपसहितको रोजगारको सुनिश्चितता, नि.शुल्क. अभिमुखीकरण तालिम श्रम सम्झौता पुनरावलोकनका साथै थप गन्तब्य मुलुकसंग श्रम सम्झौता तथा समझदारी, बैदेशिक रोजगारीमा जान चाहाने नागरिकलाई नि.शुल्क. बैंक खाता खोल्ने र सोही खातामार्फत स्वदेशका विप्रेषण ल्याउन प्रत्साहन गर्ने, रिटर्नी उद्यमशिलता कार्यक्रम कार्यान्वयन गरिने नीतिलिएको बताउदै हालको आर्थिक बर्ष २०८०-०८१ मा गत आर्थिक बर्षको तुलनामा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु १४ खर्ब ४५ अर्ब ३२ करोड जतिको रकम नेपाल भित्रिएको राष्ट्र बैंकक तथ्याङ्ले देखाएको छ । आर्थिक बर्ष २०८०-०८१ मा बैदेशिक रोजगार बिभागबाट श्रम स्वीकृत (पुन श्रमस्वीकृती समेत) लिई बैदेशिक रोजगारमा गएका ८० हजार १६२ महिला सहित कुल ६ लाख ४१ हजार २९६ जना श्रमिकले पठाएको विप्रेषणले आप्रवासी श्रमिकहरुको घर परिवार सञ्चालन मानवीय सम्पत्ति सुधार र गरीबीमा रहेका परिवारहरुको आर्थिक जोखिम कम गर्न तथा नेपालको अर्थतन्त्रमा ठुलो सहयोग रहेको छ । त्यसैगरी विश्व बैंकको गत अक्टोवर २०२४ को प्रतिवेदन समेतका अनुसार नेपालमा कुल गार्हस्थ उत्पादनमा विप्रेषणको हिस्सा एक चौथाई भन्दा बढी रहेको छ । त्यसैबीच बैदेशिक रोजगार बोर्ड सचिवालयको तथ्याङ्क अनुसार सचिवालयको सुरुवात २०६५-०६६ देखि हाल सम्म बैदेशिक रोजगारको क्रममा मृत्युवरण भएका १४ हजार २१३ जना र गम्भीर बिरामी तथाअङ्गभङ्ग भएर फर्किएको बिभिन्न ३,४४० जना श्रमिकहरुलाई बैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता प्रदान गरिएको छ ।

बैदेशिक रोजगारको शिलशिलामा नेपाली समाजले अमूल्य मुल्य चुकाउन परिरहेको छ । यसको दिर्घकालिन नितिको अभाव रहेको पाईन्छ ।

अन्तराष्ट्रिय

# होला त गाजामा युद्धविराम ?

काठमाडौं – करिब १५ महिनायता युद्धरत इजरायल र हमासबीचको युद्धविराम वार्ता हालसम्मकै निकट पुगेको जनाइएको छ । शनिबार हमास र दुई अन्य प्यालेस्टिनी लडाकु समूहहरूले इजरायलसँगको गाजा युद्धविराम सम्झौताका लागि 'पहिले भन्दा नजिक' पुगेको जनाएका हुन् । इजरायलले नयाँ सर्तहरू अघि नसारेको खण्डमा युद्धविराम हुने उनीहरूको भनाइ छ ।

हमास, प्यालेस्टाइन इस्लामिक जिहाद (पीआईजे) र वामपन्थी पपुलर फ्रन्ट फर लिबरेसन अफ प्यालेस्टाइन (पीएफएलपी)ले संयुक्त विज्ञप्ति जारी गर्दै 'शत्रुले नयाँ सर्तहरू नलगाएको खण्डमा युद्धविराम र कैदी आदानप्रदान सम्झौता टुंगोमा पुग्ने सम्भावना पहिलेभन्दा नजिक पुगेको' जनाएको छ ।

समाचार संस्था एएफपीका अनुसार हमासका एक नेताले हालका दिनहरूमा युद्धविराम वार्तामा 'महत्त्वपूर्ण प्रगति भएको' जनाएका छन् । 'युद्धविराम र बन्दी आदानप्रदानका विषयमा धेरैजसो बुँदामा सहमति भइसकेको छ,' एएफपीसँग उनले भनेका छन् । 'तर केही विषय भने समाधान हुन बाँकी छन् । तर तिनीहरूले युद्धविरामका लागि बाधा पुऱ्याउँदैनन् । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुबाट नयाँ सर्तहरू नआएको खण्डमा यसवर्षको अन्त्यअघि नै



सम्झौतालाई अन्तिम रूप दिन सकिन्छ,' ती हमास नेताले भनेका छन् ।

केही साता यता अमेरिका, कतार र इजिप्टको मध्यस्थतामा भएका वार्ताहरू सकारात्मक देखिएका थिए । गत साता तीन देशको मध्यस्थतामा कतारको दोहामा इजरायल र हमासबीच भएको अप्रत्यक्ष वार्ताले सहमतिको आशा जगाएको हो । गत बुधबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले युद्धविराम सम्झौताका लागि आफू आशावादी रहेको बताएका थिए । तर सम्झौता कहिले हुन्छ भनेर अनुमान गर्न भने नसक्ने उनको भनाइ थियो । 'म सम्भाव्यता के हुन्छ भनेर अनुमान लगाउन भने चाहन्न,' उनले भनेका थिए ।

पृष्ठ १ बाट जारी

## मुद्दा फिर्ता...

बादल रहेको स्मरण गर्दै घर्तीले उक्त तीन बुँदे सहमति कार्यान्वयनसँग समेत दफा ६४ सम्बन्धित रहेको बताए । 'सरकारले फिर्ता लिन्छु भन्यो । तर यो आउनुको कारण छ भन्ने लाग्दैन । तै पनि सरकार पछाडि हट्छ र समिति तयार हुन्छ भने हाम्रो पार्टीको नोट अफ डिसेन्ट रहन्छ' सांसद घर्तीले भने ।

माओवादीका अर्का सांसद रामकुमार राईले पनि घर्तीको भनाइमा समर्थन जनाए । 'राजनीतिक आन्दोलन र राजनीतिक सहमति भएको छ भने त्यसमा सहमति गर्ने सरकार जिम्मेवार नै रहन्छ । फेरि विगतमा सहमति गर्ने कै अहिले पनि सरकार छ' राईले भने । यदि सरकारले फिर्ता लिने र समितिले सहमति जनाउँछ भने हाम्रो नोट अफ डिसेन्ट रहन्छ ।'

कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले यस सम्बन्धमा आवश्यक परे छुट्टै ऐन बनाउन सकिने बताए । 'आवश्यक परे सनसेट ल ल्याउन सकिन्छ । नेपाल सरकारको धारणा मन्त्री ज्यूले राख्नुभएको छ' उनले भने ।

पृष्ठ १ बाट जारी

## निर्मला पन्त...

भएको छ । तर अहिलेसम्म हत्यारा पत्ता लगाउन प्रहरीले सकेको छैन ।

कञ्चनपुरकै नेता रमेश लेखक अहिले गृहमन्त्री छन् । यसअघि उनले समेत पन्तको बलात्कार र हत्यारालाई सरकारले पत्ता लगाउन नसकेको भन्दै आलोचना गरेका थिए । तर अहिले अनुसन्धान गर्ने जिम्मेवारी निकायमै उनी लेखक पुगेका छन् । तर हत्यारा अहिलेसम्म पहिचान हुन सकेको छैन ।

६ वर्षको अवधिमा ५ जना गृहमन्त्री र प्रहरी प्रमुख फेरिए, ६ वटा समिति बने, तर अहिलेसम्म हत्यारा पत्ता लाग्न सकेको छैन । १० साउन २०७५ मा साथीको घरमा पढ्न जान्छु भनेर निस्केकी पन्त भोलिपल्ट भीमदत्त नगरपालिकाकै निम्बुखेडा खोला किनारको उखुबारीमा मृत भेटिएकी थिइन् ।

घटनामा संलग्नलाई पक्राउ गरी कारवाही गर्न माग गर्दै भएको आन्दोलनका क्रममा भीमदत्त-१८ का १५ वर्षीय सनी खुनाको ज्यानै गएको थियो । यो बीचमा १२४ जनाको डीएनए जाँच, ६५५ जनासँग सोधपुछ गरिए पनि नतिजा शुन्य छ ।

# इन्ड्राइभ आइसिटी अवार्ड २०२४ सम्पन्न, विभिन्न १५ विधामा अवार्ड वितरण



काठमाडौं- लिभिङ विथ आइसिटीले आयोजना गरेको नवौं संस्करणको ‘इन्ड्राइभ आइसिटी अवार्ड २०२४ सपोर्टेड बाई एनसे इन एशोशिएसन विथ नेपालपे क्युआर, जेनेस एण्ड जुम’ सम्पन्न भएको छ ।

विभिन्न १५ विधामा अवार्ड र सातै प्रदेशका उत्कृस्ट स्टार्टअपलाइ ‘रिकग्निसन’ प्रदान गरिएको थियो । एकहजार बढी बिशिस्ट ब्यप्तिहरुको उपस्थितिमा ह्यात रिजेन्सी काठमाडौंमा आयोजना भएको भब्य समारोहबीच आइसिटी अवार्ड वितरण भएको थियो । अवार्डमा प्रमुख अतिथिको रूपमा उपस्थित सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङले डिजिटल प्रविधिमार्फत पानसमा बत्ति बोल्दै कार्यक्रमको उद्घाटन गरेका थिए ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी शुब्बा गुरुङ, कर्णाली प्रदेशका मुख्यमन्त्रि, योजना आयोगका उपध्यक्ष प्रा.डा शिबराज अधिकारी लगायतले बिजेतालाइ अवार्ड प्रदान गरेका थिए ।

यस वर्षको पायोनियर आइसिटी अवार्ड काठमाडौं विश्वबिद्यालयका सस्थापाक प्रा.डा. सुरेश राज शर्माले प्राप्त गर्नुभयो । एनसेल वुमन आइकन नेपाल बैंकका डिजिटल बैंकिङ र कार्ड बिभाग प्रमुख बन्दना शर्माले प्राप्त गरिन । यसैगरी प्रोफेसनल एक्सिलेन्स आइसिलेन्स आइसिटी अवार्ड नामीका सस्थापक डा. बिशेष खनालले प्राप्त गरे ।

आन्टरप्रेनर्स आइसिटी अवार्ड फुडमान्डुका सस्थापक मनोहर अधिकारी र नेपाली डायस्पोरा आइसिटी अवार्ड न्युरल कम्पनिका सह-सस्थापक नामी बरालले प्राप्त गरिन ।

यस वर्षको इन्ड्राइभ स्टार्टअप आइसिटी अवार्ड क्रिम्सन टेक कम्पनिले जित्न सफल भयो भने द एसिया फाउन्डेसन सोसियल इन्नोभेसन आइसिटी अवार्ड २०२४ जियोकृषिले प्राप्त गरेको छ ।

यस वर्षको प्रडक्ट आइसिटी अवार्ड एपीआइ म्यानेजमेन्ट सिस्टमले प्राप्त गर्यो भने राईजिङ स्टार इन्नोभेसन आइसिटी अवार्ड स्पिकअपले जित्न सफल भएको छ । त्यसैगरी सबैभन्दा बढी भोट प्राप्त गरेर हाम्रोपे पब्लिक च्याइस आइसिटी अवार्ड ज्याप सर्भिसेसले प्रात गर्यो ।

सातै देशहरुका स्टार्टअपहरु लक्षित गरेर आयोजना गरिएको साउथ स्टार्टअप आइसिटी अवार्ड २०२४ भरतको हाइफन एससिएसले जितेको छ, अवार्डमा उत्कृस्ट ५ मा पर्न सफल अन्य देशका स्टार्टअपलाइ पनि सम्मान गरिएको छ ।

यसैगरी सस्थागत अवार्ड विधाहरुमा यस वर्षको डिजिटल गभर्नेन्स अवार्ड सर्बोच्च अदालतले प्राप्त गरेको छ भने डिजिटल सर्भिसेस अवार्ड आइएमइ पे ले जित्न सफल भएको छ । डिजिटल एजुकेसन आइसिटी अवार्ड पब्लिक र प्राइवेट सेक्टरमा क्रमश सुकुना माबि मोरङ र एलआरआइ कलंकीले प्राप्त गरेका छन् ।

यस बाहेक सातै प्रदेशका सात सर्वोत्कृष्ट स्टार्टअपलाई समेत प्रोभिन्स स्टार्टअप आइसिटी रिकग्निसन २०२४ बाट सम्मान गरेको छ ।

यस वर्ष कोशी प्रदेशबाट डेल्टा टेक प्रालि, मधेश प्रदेशबाट तेजस टेक प्रालि, बागमती प्रदेशबाट अभियान्त्रिक कर्मशाला प्रालि, गण्डकी प्रदेशबाट आकाश डिजिटल प्रालि, लुम्बिनी प्रदेशबाट निन्जा इन्फोसिस प्रालि, कर्णाली प्रदेशबाट बिजनेश अनलाइन सर्भिस प्रालि र सुदूरपश्चिम प्रदेशबाट फार वेस्ट इन्फोटेक एण्ड रिसर्च सेन्टर प्रोभिन्स स्टार्टअप आइसिटी रिकग्निसन २०२४ बाट सम्मानित भएका छन् ।

अवार्ड समारोहमा गायक महेश काफ्ले र गायिका अस्मिता अधिकारीको सांगीतिक प्रस्तुतिले अवार्डलाई थप विशेष बनाएको थियो ।

अवार्ड समोरोहमा बोल्दै प्रमुख अतिथि सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङले सूचना प्रविधिको विकासमा सरकारले जति गर्नुपर्ने हो, त्यति काम गर्न नसकेको स्वीकार गरे । ‘आईटी दशक भनेर घोषणा गर्छौं । तर त्यसको कार्यान्वयनका लागि बजेट छुट्याएका छैनौं,’ उनले अगाडि भने, ‘नेपालसँग एउटा पनि आईटी पार्क छैन् । पूर्वाधार विकास र नीतिगत सुधार राज्यले गर्ने तथा निजी क्षेत्रले व्यवसाय गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।’

त्यसैगरी कर्णाली प्रदेशका मुख्यमन्त्री यमलाल कडेलले जनतामा निराशा र कुण्ठा पैदा भइरहेको समयमा आइसिटी अवार्डले विकास र निर्माणमा सकारात्मक सन्देश दिएको बताए ।

स्वागत मन्तव्य दिदै आइसिटी अवार्डका अध्यक्ष राजन लम्सालले सन् २०१६ देखि डिजिटल इकोसिस्टम विकास र प्रवर्द्धनमा क्रियासिल यो कार्यक्रम नेपालमा मात्रै नभएर विदेशमा समेत विस्तार भएको बताए । सूचनाको प्रविधिको विकासमा निजी क्षेत्र अग्रणी भूमिकामा जानकारी दिदै उनले सरकारले नीतिगत सुधार गर्दै अझै सहयोगी हात बढाउनु पर्नेमा जोड दिए ।

यस्तै प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका अध्यक्ष अम्बर बहादुर थापाले प्रविधिले संसारलाई जोडेको जानकारी दिदै नेपालमा भने अझैपनि आईटीमा सोचे जस्तो विकास हुन नसकेको बताए ।

यस्तै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले देशका कुनाकाप्चामा रहेको प्रतिभालाई आइसिटी अवार्डले खोजेर ल्याउने गरेको जानकारी दिदै सरकारले पनि आईटी र स्टार्टअपलाई प्राथमिकता दिएको बताए ।

लिभिङ विथ आइसिटीले सन् २०१६ देखि हरेक वर्ष आयोजना गर्दै आइरहेको आइसिटी अवार्ड कार्यक्रम, सूचना तथा सञ्चार प्रविधि क्षेत्रको सबैभन्दा ठुलो र प्रतिष्ठित अवार्ड कार्यक्रमको रूपमा परिचित छ । आइसिटी अवार्ड अन्तर्राष्ट्रिय अवार्डहरू डब्लुएसए अवार्ड, अरोरा टेक अवार्ड लगायतको आधिकारिक साझेदार समेत हो ।

आइसिटी अवार्ड २०२४ मा विभिन्न १४ विधामा ८०० बढीको अनलाइन नोमिनेश प्राप्त भएको थियो । १४ जना स्वदेशी र ३ जना अन्तर ाष्ट्रिय विज्ञ जुरीहरूले २५ वटा बढी मिटिङहरु सञ्चालन गदै छनौट प्रकृयालाई सम्पन्न गरेका थिए ।

आइसिटी अवार्डको प्रि-इभेन्टको रूपमा सातै प्रदेशमा स्टार्टअप मिटअप, २ दिने स्टार्टअप एण्ड आईडिया फेस्ट, बुटक्याम्प तथा मेन्टरिङ, इन्डष्ट्री भिजिट, फिल्ड भिजिट, स्पीड डेटिङ तथा प्रिजेन्टेसन, कान्तिपुर टिभीबाट विशेष कार्यक्रम शृंखला लगायत करिब दर्जन कार्यक्रम सञ्चालन भएका थिए ।

# एक्सन फिल्म ‘पिताम्बर’ को प्रदर्शन मिति घोषणा



काठमाडौं- कृषा चौलागाई निर्देशित फिल्म “पिताम्बर नेपाली नयाँ वर्षको अवसर पारेर प्रदर्शनमा आउने भएको छ ।

निर्माताले शुक्रबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फिल्म चैत २९ गते रिलिज हुने घोषणा गरेका हुन् ।

सार्वजनिक पोस्टरमा फिल्मका मुख्य तीन कलाकार प्रदीप खड्का, सौगात मल्ल र दयाहाङ राई फिचर्ड छन् । प्रदीप पोस्टरमा रगताम्य अवस्थामा देखिएका छन् भने सौगात आक्रामक शैलीमा बन्दुक चलाइरहेको देखिन्छन् । दयाहाङको अनुहारमा भने रिस देखिन्छ । सार्वजनिक पोस्टरले यो फिल्म एक्सनप्रधान रहेको प्रष्टयाउँछ ।

यो फिल्ममा सौगात, प्रदीप र दयाहाङसँगै दिव्या रायमाझी, अनुपविक्रम शाही, सुरक्षा पन्त, प्रमोद अग्रहरी, दिव्यदेव, सुपुष्पा भट्ट, कामेश्वर चौरासिया, गौरव विष्ट, विशाल पहारी लगायतका कलाकारहरूको अभिनय छ । फिल्मको छायाँकन ७० दिन लगाएर गरिएको छ ।

केपी फिल्मसले पुरूषोत्तम प्रधान फिल्मससँग सहकार्य गरेको ‘पिताम्बर’ लाई पुरूषोत्तम प्रधानले खिचेका छन् । निर्मातामा विशाल चौलागाई छन् ।

प्रदीप भारद्धाजको लेखन र हिमाल केसीको द्धन्द्ध निर्देशन रहेको फिल्मको बजेट ५ करोड अनुमान गरिएको छ ।

# समीक्षा अधिकारीले दिइन् साइबर ब्युरोमा उजुरी



काठमाडौं- गायिका समीक्षा अधिकारीले आफ्नो चरित्रहत्या गर्नेविरूद्ध नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिएकी छन् ।

एआईको दुरूपयोग गरी भिडिओ बनाएर चरित्रहत्या गरिएपछि उनले शनिबार साइबर ब्युरोमा उजुरी दर्ता गराएकी हुन् । २१ हजार फलोअर्स रहेको दिपु कान्छो प्रोफाइल डिजिटल क्रिएटर नामक फेसबुक पेजविरुद्ध उजुरी दिएको समीक्षाले जनाएकी छन् ।

शनिबार बेलुका उनले उजुरी दिएको विवरण समेत सामाजिक सञ्जालमा राख्दै यसबारे जानकारी दिएकी छन् । सस्तो लोकप्रियता कमाउने उद्धेश्यले कसैको जीवनलाई असर पर्ने गरी गैरकानुनी क्रियाकलाप नगर्न समेत उनले अनुरोध गरेकी छन् ।

पछिल्लो पुस्ताकी चर्चित गायिका समीक्षा यतिबेला देश विदेशका स्टेज कार्यक्रममा व्यस्त छिन् ।

# अनमोल र नीति : फिल्ममा जुर्न नसकेको जोडी

लामो समयदेखि दर्शकको एउटा तप्काले पर्दामा हेर्न चाहेको जोडी हुन्, अनमोल केसी र नीति शाह । फिल्ममा उनीहरुको जोडी बाँध्ने प्रयास नभएको पनि होइन, तर आजसम्म सहकार्य जुर्न सकेको छैन । फिल्म ‘ड्रिम्स’मा नै अभिनेता भुवन केसीले अनमोल र नीतिको जोडी बाँध्न खोजेका थिए । तर, त्योबेला नीतिले रुचि नदेखाएपछि ‘ड्रिम्स’बाट साम्राज्ञी आरएल शाहले डेब्यु गरेकी थिइन् ।

जब नीतिले अभिनेत्री बन्ने सोच बनाइन्, त्यसपछि पनि उनको अनमोलसँग जोडी बाँध्न केही निर्माता अगाडि सरेका थिए । ‘एक्स ९’ भन्ने फिल्ममा दुवैसँग सम्झौता नै भएको थियो । तर, यो फिल्म बन्न सकेन । यसपछि ‘रावायण’ भन्ने फिल्ममा पनि उनीहरुको जोडी बाँध्न खोजिएको थियो । तर, छायांकनको अन्तिम समयमा आएर अनमोलले फिल्म छाडेपछि नीतिलाई पनि हटाइयो ।



फिल्ममा सहकार्य जुर्न नसकेको भए पनि अनमोल र नीतिबीच निकै राम्रो सम्बन्ध छ । स्कूलका सहपाठी समेत रहेका उनीहरुको बेलाबखतमा भेट भइरहन्छ । यतिबेला उनीहरु अमेरिकामा छन् । आइतबार सान फ्रान्सिस्कोमा आयोजना भएको ‘गोल्डेन नेपाली फिल्म अवार्ड’मा सहभागी हुन पुगेका उनीहरु त्यहाँ घुमफिरदेखि फोटो सेसनमा रमाइरहेका छन् ।

नीतिले अवार्ड सकिएपछि अनमोलसँग खिचेका केही प्रेमिल तस्वीरहरु आफ्नो सामाजिक सञ्जाल फेसबुक र इन्स्टाग्राममा सेअर गरेकी छन्, जसमा उनीहरु हँसिलो मुद्रामा देखिएका छन् । एउटा तस्वीरमा अनमोल र नीतिले एकअर्कालाई हेरेर मुस्कुराएका छन् । यसले पनि उनीहरुबीच हार्दिक सम्बन्ध रहेको दर्शाउँछ । अब यो जोडीलाई पर्दामा हेर्न दुवैका प्रशंसकहरु अधैर्य छन् ।

# ८ वर्षपछि हरिवंशले गाए फिल्मको गीत



अभिनेता हरिवंश आचार्यको परिचयको आयाम फराकिलो छ । अभिनय त उनको परिचयको एउटा पाटो मात्र हो । गायन तथा लेखनमा पनि उनी सक्रिय छन् । अहिले पनि वर्षमा एक/दुईवटा गीत उनका आइरहन्छन् । तर, फिल्मका लागि भने उनले विरलै गीत गाउने गरेका छन् । पछिल्लोपटक उनले सन् २०१६ मा रिलिज भएको फिल्म ‘जात्रा’मा समावेश ‘नोट नोट’ गीत गाएका थिए ।

अब ८ वर्षपछि उनले फिल्मको पार्श्व गायनमा कमब्याक गरेका छन् । अर्जुन सुवेदीको निर्देशनमा बन्न लागेको फिल्म ‘सोल्टिनी’को एक गीतमा उनले आफ्नो आवाज दिएका हुन् । आइतबार गीत रेकर्ड गरिएको थियो । उक्त गीतमा हर्कुलस बस्नेतको संगीत रहेको छ । कलाकार आचार्यले गाएको गीतलाई फिल्ममा कथावाचनको रुपमा प्रयोग गरिने निर्देशक सुवेदीले बताए ।

यही पुष अन्तिमबाट छायांकनको तयारी गरिएको फिल्ममा अभिनेता प्रकाश सपूत र अभिनेत्री परीक्षा लिम्बू मुख्य भूमिकामा प्रस्तुत हुनेछन् । फरक जातीय पृष्ठभूमिका दुई पात्रको प्रेमकथामा बन्न लागेको फिल्ममा विल्सन विक्रम राई, सब्बु गुरुङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुजन खतिवडा लगायतको पनि अभिनय रहनेछ ।

सुशन प्रजापतिको छायांकन रहने फिल्मको एक गीतमा प्रशान्त सिवाकोटीले पनि संगीत दिनेछन् । प्लानेट थ्री फिल्म्सको प्रस्तुति तथा नेपसिने र योलो इन्टरटेन्मेन्टको सहकार्यमा निर्माण हुने फिल्मको स्क्रिप्ट अर्जुन सुवेदी र कुमार भट्टराईले मिलेर लेखेका हुन् । रेजिना बिस्ट र संसार चौलागाईं रहेको फिल्मलाई २०८२ साल असोज ३ गते, संविधान दिवसको दिन रिलिज गरिने जनाइएको छ ।

# राजबल्लभ अब कवि

कुनै समय लभस्टोरी फिल्ममा सफल मानिएका अभिनेता राजबल्लभ कोइरालाको परिचयमा नयाँ आयाम थपिने भएको छ । साहित्यप्रति विशेष रुचि राख्ने उनले कविको परिचय थप्न लागेका हुन् । उनी आफ्नो पहिलो कृतिको रुपमा कविता संग्रह ‘ औरा’ सार्वजनिक गर्ने तयारीमा छन् । प्रकाशनको अन्तिम तयारीमा रहेको पुस्तक यसै वर्ष बजारमा उपलब्ध हुने जनाइएको छ ।

राजबल्लभले दुई दिनअघि फेसबुकमार्फत् पुस्तकको आवरण सार्वजनिक गरेका थिए, जसमा नाम सेतो रंगको अक्षरमा छ भने ‘ औरा’को ‘र’लाई चन्द्रमाको आकार दिइएको छ । आवरणमा सेतो हंस र मानिस आकारको चित्र पनि देख्न सकिन्छ । ‘औरा’ राजबल्लभकी छोरीको नाम पनि हो । यो नामको अर्थ आभामण्डल भन्ने हुन्छ । अर्थात् प्रकाशको घेरा ।

भाषा र साहित्यसम्बन्धी अनलाइन पत्रिका साहित्यपोस्ट डटकमले प्रकाशन गर्न लागेको पुस्तकमा एक सयभन्दा बढी कविता समावेश हुनेछन् । यसमा सबै प्रकारका कविता रहेको राजबल्लभले जानकारी दिए । उनी ‘औरा’लाई जीवन तत्त्व र मानवीय संवेदनाहरुको विचार मन्थनको रुपमा व्याख्या गर्छन् । पुस्तक पढ्दा जोकोहीलाई आफ्नोपन महसुस हुने उनको विश्वास छ ।

राजबल्लभले पहिलो पटक पुस्तकको रुपमा कविता संग्रह बजारमा ल्याउन लागेको भए पनि उनले सामाजिक सञ्जालमा फुटकर कविता भने पोस्ट गर्दै आइरहेका छन् । उनको फेसबुकमा ‘२४ घण्टा’, ‘आउन न एकछिन गफ गरौं’ जस्ता शीर्षकमा लेखिएका कविताहरु भेट्न सकिन्छ । उनले लेख्ने प्रायः स्टाटसहरु पनि साहित्यिक हुन्छन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १९, २०८१ साल पुस ९ गते मंगलबार (Dec 24, 2024)



चिनको स्याङदोङ प्रदेशको विनजावमा रहेको होम टक्सटाई प्रर्दशनि तथा डिजाइन सेन्टरमा मजदुरहरुको कामगर्दै यहाँबाट उत्पादन भएको कपडाहरु जापान लगायत १०० देशमा निर्यात हुन्छ ।

*तस्वीर : प्रदीपकुमार श्रेष्ठ*

# सांग्रिला मोटर्सले नारायणहिटीको उत्तर ढोकामा ‘कार्स क्याफे’ बनाउने

काठमाडौं- सांग्रिला मोटर्सले नारायणहिटी संग्रहालयको उत्तरढोकामा ‘कार्स क्याफे’ बनाउने भएको छ ।

लिपमोटर, सिट्रोन र प्युजोको नेपालका लागि आधिकारिक बिक्रेता सांग्रिला मोटर्सले उत्तर ढोकामा रहेको भिल्ला ७२ रेस्टुरेन्टलाई कार्स क्याफे बनाउने भएको हो ।

रेष्टुरेन्ट लिजमा लिएर शोरुमसहित कार्स क्याफे बनाउन लागेको कम्पनीका असिस्टेन्ट जनरल म्यानेजर किरण श्रेष्ठले बताए । ‘हामीले रेष्टुरेन्टलाई ३ वटा ब्रान्डका गाडीको शोरुमसहित कार्स क्याफेका रुपमा विकास गर्न लागेका हौं,’ उनले भने, ‘डिजाइन बनाइसकेका छौं । अबको केही दिनमा काम सुरु हुनेछ ।’

श्रेष्ठका अनुसार अगाडिपट्टि सिट्रोन, लिपमोटर र प्युजो ब्रान्डका गाडीको शोरुम हुनेछ भने भित्र क्याफे रहनेछ ।

साथीभाइ मिलेर रमाइलो गर्दै ठुलो स्क्रिनमा कुनै गेमहरु मिल्ने वातावरणसहित क्याफे बनाउने उनले बताए । उनका अनुसार शोरुमसहितको क्याफे तीन महिनामा तयार हुनेछ ।

रेष्टुरेन्ट परम्परागत शैली झल्काउन खालको छ । वरपर सल्ला र निगालो, बगैंचा बीचमा रहेको



भिल्ला, पुराना काठको थाम, भवनमा परम्परागत टुँडाल रेष्टुरेन्टको भौतिक विशेषता हो । अधिकांश संरचनामा काठ प्रयोग गरिएको छ । यसलाई यथावत राखेर अगाडिको भागमा मात्रै शोरुमको स्ट्रक्चर बन्ने श्रेष्ठले बताए ।

कम्पनीले रेष्टुरेन्टमा मंसिर ३० देखि पुस ६ गतेसम्म लिपमोटरको टेष्ट ड्राइभ राखेको थियो । टेष्ट ड्राइभमा दैनिक ५० देखि १०० जना सहभागिता भएको श्रेष्ठले जानकारी दिए ।

# पारामाउन्ट मोटर्सले आयोजना गरेको एक्सचेन्ज मेला आज सकिँदै



काठमाडौं- पारामाउन्ट मोटर्सले आयोजना गरेको एक्सचेन्ज मेला आज सकिँदै छ । एमजी र वुलिङ गाडीको नेपालका लागि आधिकारिक बिक्रेता पारामाउन्ट मोटर्सले शुक्रबारदेखि गैरीधारामा रहेको सिल्भर वकमा उक्त एक्सचेन्ज मेला आयोजना गरिरहेको छ ।

उक्त एक्सचेन्ज मेलाको आज अन्तिम दिन भएकाले भिड बढेको छ । कम्पनीका अनुसार शनिबार पनि लगभग १०० जना ग्राहकहरूले उक्त मेलामा भिजिट गरेका छन् ।

मेलामा एमजी, वुलिङ र मेक्सस गाडी राखिएको छ । जसमा एमजीको साइबरस्टर मेलाको आकर्षण बनिरहेको छ ।

यो मेलामा पुराना गाडी ल्याएर नयाँ गाडी खरिद गर्न सकिनेछ । जसमा पुराना जुनसुकै गाडी भएपनि एक्सचेन्ज बोनस भने १० लाख रुपैयाँसम्मको पाइन्छ ।

एमजी विन्टर कार्निभल २०२४ मा एक्स्क्लुसिभ अफर, अन द स्पट फाइनान्स, टेस्ट ड्राइभ, मनोरञ्जन तथा किड्स प्ले जोनसमेत रहेको छ ।

# विद्युतीय गाडी ५ महिनामा ५७०२ युनिट आयात

काठमाडौं- चालु आर्थिक वर्ष ५ महिनामा १४ अर्ब १९ करोड रुपैयाँ बराबरको ५७०२ वटा चारपाङ्गे विद्युतीय गाडी आयात भएका छन् । यसबाट सरकारले ७ अर्ब ६७ करोड रुपैयाँ भन्सार शुल्क संकलन गरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार मंसिरमा मात्रै १ हजार ४८५ युनिट चार पाङ्गे इभी आयात भएका छन् ।

यसैगरी, इन्धनतर्फ पाँच महिनामा ३ हजार २८५ युनिट चार पाङ्गे सवारीसाधन आयात गरिएको छ । ती गाडी ५ अर्ब रुपैयाँ बराबरका हुन् । मंसिरमा आयात गरिएका इन्धन गाडीको संख्या २४२ युनिट छ ।

पेट्रोल दुई पाङ्गे सवारी ९३ हजार ५५१ युनिट आयात भएको विभागले जनाएको छ । ती सवारी ११ अर्ब २२ करोड रुपैयाँ बराबरका हुन् ।

मंसिरमा ११ हजार ६९४ युनिट बाइक तथा स्कुटर आयात गरिएको छ ।

दुई पाङ्गे इभी पाँच महिनामा ३ हजार ८१० युनिट आयात भएको विभागले जनाएको छ । ती इभी ४१ करोड ८८ लाख रुपैयाँ बराबरका हुन् ।

सवारीसाधन आयातबाट सरकारले साउनदेखि मंसिरसम्म २९ अर्ब ३६ करोड रुपैयाँ राजस्व संकलन गरेको छ ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

सामाजिक सञ्जालमा:

- ◆ जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- ◆ राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- ◆ कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- ◆ जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- ◆ शान्ति सुरक्षामा खलल पुग्ने,
- ◆ प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- ◆ जनमानसमा भ्रम सिर्जना गर्ने.

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।
त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार